# आर्थिक वर्ष २०७८/७९ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

**आर्थिक मामिला मन्त्रालय**

**धनगढी, कैलाली**

२०७८ फागुन

*प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २० को व्यवस्था बमोजिम प्रकाशित*

# बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

**प्रकाशकः**
प्रदेश सरकार
**आर्थिक मामिला मन्त्रालय**
सुदूरपश्चिम प्रदेश

**आर्थिक वर्षः** २०७८/७९

©प्रतिलिपि अधिकार
प्रदेश सरकार
**आर्थिक मामिला मन्त्रालय**
सुदूरपश्चिम प्रदेश

**प्रकाशन मितिः** फागुन, २०७८
**मुद्रण प्रतिः** २००

Email: moea@sudurpashchim.gov.np
URL: www.moeap.sudurpashchim.gov.np
फोनः ०९१-४२०१०७

## प्राक्कथन

आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको पहिलो ६ महिनामा बजेट कार्यान्वयनको यथार्थ स्थिति, समीक्षा अवधिमा प्राप्त मुख्य उपलब्धिहरू, कार्यान्वयनका क्रममा देखिएका चुनौती, बाँकी अवधिमा गर्नुपर्ने कार्यहरू र खर्चको संशोधित अनुमान लगायतका विवरणहरूलाई समेटी यो अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

विश्वव्यापी महामारीको रूपमा देखा परेको कोभिड–१९ ले विश्व र क्षेत्रीय अर्थतन्त्रसंगै मुलुकको आर्थिक तथा सामाजिक अवस्थामा गम्भीर प्रभाव पारेको छ। आर्थिक वर्ष २०७६/७७ को अन्तिम चौमासिकबाट सुरु भई चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म पनि कोभिड-१९ कायमै रहेको कारण प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यस महामारीबाट प्रत्यक्ष रुपमा प्रभावित भएको छ। गत आर्थिक वर्षमा प्रदेश सरकारबाट विनियोजन भएको रु. ३३ अर्ब ३८ करोड १३ लाख ४८ हजार मध्ये पहिलो ६ महिनामा चालुतर्फ १४.०५, पूँजीगततर्फ ११.८५ गरी जम्मा १२.८२ प्रतिशत बजेट खर्च तथा ५३.१२ प्रतिशतले स्रोत व्यवस्थापन भएको थियो । चालु आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भएको रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजारमध्ये समीक्षा अवधिमा चालुतर्फ २०.१९ प्रतिशत र पूँजीगततर्फ ८.९० प्रतिशत गरी जम्मा १३.४२ प्रतिशत बजेट खर्च तथा ५५.६६ प्रतिशत आम्दानी भएको छ ।

सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण तथा अन्य आर्थिक गतिविधिहरूलाई व्यवस्थित गरी समग्र बजेट प्रणाली र सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ जारी गरिएको छ । जसबाट बजेट तथा कार्यक्रम कार्यान्वयन प्रकृया थप सरल, सहज, व्यवस्थित एवं प्रभावकारी हुन गई निर्धारित समय, परिमाण, लागत र गुणस्तरमा आयोजना तथा कार्यक्रम सम्पन्न गर्न सघाउ पुग्ने देखिन्छ। सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली पनि संशोधनको प्रकृयामा रहेको छ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै मन्त्रालय तथा निकायका पदाधिकारी तथा कर्मचारीहरु र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनु हुने यस मन्त्रालयका सचिव लगायत सबै कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**तारा लामा तामाङ्ग**
**मन्त्री**
**आर्थिक मामिला मन्त्रालय**

## मूल्याङ्कन प्रतिवेदनको सम्बन्धमा

१. प्रस्तुत बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनमा प्रदेश सरकारका विषयगत मन्त्रालय तथा निकायहरूको वित्तीय विवरण र वार्षिक कार्यक्रम कार्यान्वयनको प्रगति समावेश गरिएको छ।

२. सम्बन्धित मन्त्रालय, सचिवालय र निकायले उपलब्ध गराएका तथ्याङ्क, प्रगति एवं सोसँग सम्बन्धित विवरणका अतिरिक्त खर्चका सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क समेतका आधारमा आय व्यय विवरण प्रस्तुत गरिएको छ।

३. आर्थिक वर्ष २०७६/७७ बाट बहुवर्षीय ठेक्का बन्दोवस्ती मार्फत कार्यान्वयन गर्न स्रोत सुनिश्चित गरी चालु आर्थिक वर्षमा सम्पन्न हुने आयोजना तथा कार्यक्रमहरुको प्रगति विवरण प्रस्तुत गरिएको छ।

४. चालु आर्थिक वर्षमा स्रोत सुनिश्चित गरी आगामी २ आर्थिक वर्षभित्र सम्पन्न हुने गरी बहुवर्षीय ठेक्का बन्दोबस्ती मार्फत कार्यान्वयन गर्न स्वीकृति प्रदान गरिएका आयोजनाहरुको त्रिवर्षीय खर्च प्रक्षेपण पनि यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

५. प्रदेश सरकारबाट अर्धवार्षिक अवधिमा स्थानीय तहहरुलाई प्रवाह गरिएको वित्तीय हस्तान्तरण (समानीकरण, समपूरक र विशेष अनुदान) को विवरण प्रस्तुत गरिएको छ।

आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश

## विषयसूची


| विवरण | पृष्ठ |
|---|---|
| **परिच्छेद — १: परिचय** | (१–३) |
| १.१ पृष्ठभूमि | १ |
| १.२ बजेट र कार्यान्वयन स्थिति | १ |
| १.२.१ नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था | २ |
| १.२.२ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था | २ |
| **परिच्छेद — २: बजेट खर्चको विश्लेषण** | (४–१५) |
| २.१ वार्षिक बजेट विनियोजन र खर्चको विवरण | ४ |
| २.२ मन्त्रालयगत खर्चको विवरण | ५ |
| २.३ स्रोतगत खर्चको विवरण | ७ |
| २.४ विगत आर्थिक वर्षका खर्चको तुलना | ८ |
| २.५ कार्यगत खर्चको स्थिति | ९ |
| २.६ प्राथमिकताका आधारमा खर्चको स्थिति | ११ |
| २.७ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति | ११ |
| २.८ दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति | १२ |
| २.९ खर्च शीर्षकगत खर्च स्थिति | १३ |
| **परिच्छेद — ३: स्रोत व्यवस्थापन विश्लेषण** | (१६–१९) |
| ३.१ स्रोत व्यवस्थापन | १६ |
| ३.२ प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिको अवस्था | १७ |
| ३.३ स्रोत व्यवस्थापनको तुलना | १८ |
| **परिच्छेद — ४: अन्तर सरकारी वित्तीय हस्तान्तरण** | (२०–२१) |
| ४.१ प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तण | २० |
| ४.१.१ वित्तीय समानीकरण अनुदान | २० |
| ४.१.२ सशर्त अनुदान | २० |
| ४.१.३ विशेष अनुदान | २० |
| ४.१.४ समपूरक अनुदान | २० |
| **परिच्छेद — ५: वित्तीय क्षेत्र विश्लेषण** | **२२** |
| **परिच्छेद — ६: मन्त्रालयगत प्रगति विवरण** | (२३–४५) |
| ६.१ प्रदेश व्यवस्थापिका | २३ |
| ६.२ प्रदेश लोक सेवा आयोग | २४ |
| ६.३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २५ |

६.४ आर्थिक मामिला मन्त्रालय २६
६.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय २९
६.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ३४
६.७ आन्तरिक मामिला तथा कानून मन्त्रालय ३७
६.८ भौतिक पूर्वाधार विकास मन्त्रालय ३९
६.९ सामाजिक विकास मन्त्रालय ४१
६.१० प्रदेश नीति तथा योजना आयोग ४५
**परिच्छेद — ७: प्रदेश गौरवका आयोजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था** ४६
**परिच्छेद — ८: खर्च र स्रोत परिचालनको संशोधित अनुमान र आधार** ५०
**परिच्छेद — ९: समस्या, चुनौति र सुधारका प्रयास** ५३
**परिच्छेद — १०: भावी कार्ययोजना** ५४

# परिच्छेद - १

# परिचय

## १.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २० मा "बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र राजस्व, खर्च र आयोजना तथा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदान (समानिकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान) का साथै वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणहरू सार्वजनिक गर्नुपर्ने" व्यवस्था बमोजिम चालु आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको पहिलो ६ महिना अवधिको समीक्षा गरिएको छ। प्रस्तुत समीक्षामा चालु आर्थिक वर्षको प्रमुख नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति, मन्त्रालय/निकायगत खर्चको विवरण, मन्त्रालयहरूबाट कार्यान्वयनमा रहेका मुख्य-मुख्य कार्यक्रमको भौतिक र वित्तीय प्रगति, कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका चुनौतिहरू, आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू र खर्चको संशोधित अनुमान समेतको विवरण प्रस्तुत गरिएको छ। यसका साथै अघिल्ला दुई आर्थिक वर्षहरूको सोही अवधिको प्रगति विवरणसँग चालु आर्थिक वर्षको प्रगतिलाई तुलना समेत गरिएको छ। वित्तीय क्षेत्र विश्लेषण अन्तर्गत हाल प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी क्षेत्रसँग सम्बन्धित विवरण मात्र समावेश गरिएको छ।

## १.२ बजेट र कार्यान्वयन स्थिति

चालु आर्थिक वर्ष २०७८/७९ को लागि प्रदेश सरकारबाट कूल रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार बजेट विनियोजन गरिएको छ। विश्वव्यापी महामारीको रूपमा देखा परेको कोभिड-१९ को प्रभाव आर्थिक वर्ष २०७६/७७ को अन्तिम चौमासिकबाट सुरु भई चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म पनि कायमै रहेको कारण प्रदेश सरकार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कोभिड-१९ बाट प्रत्यक्ष प्रभावित भएको छ।

### १.२.१ नेपाल सरकारको बजेट र कार्यान्वयन अवस्था

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहले आर्थिक वर्ष २०७८/७९ को बजेट निर्माण गरी पहिलो ६ महिनाको अवधिसम्म कार्यान्वयन गरिसकेका छन्।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको मध्यावधि मूल्याङ्कन अनुसार नेपाल सरकारको कूल विनियोजन रू. १६ खर्व ३२ अर्ब ८२ करोड ९२ लाख रहेकोमा पहिलो ६ महिनाको अवधिमा रू. ५ खर्व ६ अर्ब ७८ करोड ५२ लाख खर्च भई कूल विनियोजनको ३१.०५ प्रतिशत रकम खर्च भएको छ। कूल खर्चमध्ये चालुतर्फ ३८.१६ प्रतिशत, पुँजीगततर्फ १३.४४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ २६.१२ प्रतिशत खर्च भएको छ। त्यस्तै रू. १० खर्व ५० अर्ब ८२ करोड राजस्व संकलन हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रू. ५ खर्व ७६ अर्ब २४ करोड संकलन भई लक्ष्यको करिव ४९ प्रतिशत राजस्व संकलन भएको छ। चालु आर्थिक वर्षमा रू. २ खर्व ३९ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य रहेकोमा पहिलो ६ महिनामा रू. ६ अर्ब ऋण परिचालन भएको छ भने रू. १ खर्व १० अर्ब ८५ करोड बराबरको वैदेशिक सहायताको प्रतिवद्धता प्राप्त भएको उल्लेख छ।

साथै राष्ट्रिय गौरवका आयोजनाहरूमा रू. ८२ अर्ब २४ करोड ४४ लाख बजेट विनियोजन गरिएकोमा समीक्षा अवधिमा रू. १३ अर्ब ४८ करोड ३६ लाख खर्च भएको छ जुन कूल विनियोजनको १६.३९ प्रतिशत हो।

त्यसैगरी, वित्तीय हस्तान्तरणको लागि वित्तीय समानीकरण अनुदान, सःशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान समेत जम्मा रू. ३ खर्व ८७ अर्ब ३० करोड विनियोजन भएकोमा समीक्षा अवधिमा रू. १ खर्व ७९ अर्ब २६ करोड १४ लाख वित्तीय हस्तान्तरण भएको छ।

मध्यावधि मूल्याङ्कन अनुसार यस आर्थिक वर्षमा १६ खर्व ३२ अर्ब ८२ करोड ९२ लाख खर्च हुने अनुमान गरी बजेट निर्माण गरिएकोमा रू. १५ खर्व ४६ अर्ब २८ करोड ५३ हजार खर्च हुने संशोधित अनुमान समेत गरिएको छ। यो रकम शुरु विनियोजनको करिव ९४.७० प्रतिशत रहेको छ।

### १.२.२ प्रदेश आर्थिक कार्यप्रणाली र अवस्था

नेपालको संविधानको भाग १६ (धारा २०३ देखि २१३) मा प्रदेश आर्थिक कार्यप्रणालीको व्यवस्था गरिएको छ। संविधानतः प्रदेश सरकारलाई कानूनबमोजिम प्रदेश भित्रको कर प्रणाली, ऋण व्यवस्थापन, सञ्चित कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, खर्च व्यवस्थापन, विभिन्न कोषहरूको सञ्चालन गर्ने लगायतको क्षेत्राधिकार रहेको छ। ती क्षेत्रहरूको विषयमा देहायमा छुट्टाछुट्टै उल्लेख गरिएको छ।

#### १.२.२.१ प्रदेश सञ्चित कोष

चालु आर्थिक वर्षमा रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार कूल विनियोजन गरिएको र सो विनियोजनका लागि आन्तरिक राजस्वबाट रू. १ अर्ब ८ करोड ३० लाख २१ हजार, संघीय सरकारबाट प्राप्त हुने अनुदानबाट रू. १४ अर्ब ६० करोड ४८ लाख १० हजार, बाँडफाँट भई प्राप्त हुने राजस्वबाट रू. ७ अर्ब ९२ करोड ९१ लाख, रोयल्टीवापत प्राप्त हुने रू. ३ करोड ९४ लाख ६३ हजार र गत आर्थिक वर्षको नगद मौज्दातबाट रू. ६ अर्ब ६८ करोड ३० लाख ६१ हजार स्रोत परिचालन गर्ने लक्ष्य राखिएको छ। समीक्षा अवधिमा संघीय सरकारबाट प्राप्त हुने अनुदानतर्फ रू. ६ अर्ब ८८ करोड १०

लाख ७४ हजार, राजस्व बाँडफाँटबाट रू. ३ अर्ब ५७  करोड २१ लाख ३४ हजार, आन्तरिक राजस्व संकलनबाट रू. ७१ करोड २९ लाख ३८ हजार, रोयल्टीबाट रु. ४ करोड २ लाख २१ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रू. ५ अर्ब ६८ करोड ११ लाख ३५ हजार गरी जम्मा रू. १६ अर्ब ८८ करोड ७५ लाख २ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। त्यस्तै यस पहिलो अर्धवार्षिक अवधिमा रू. ४ अर्ब ७ करोड २२ लाख ३३ हजार खर्च भई प्रदेश सञ्चित कोषमा रू. १२ अर्ब ८१ करोड ५२ लाख ६९ हजार नगद मौज्दात रहेको छ।

प्रदेश सरकारले व्यवस्थापन तथा सञ्चालन गरेका सुदूरपश्चिम प्रदेश विपद् व्यवस्थापन कोषमा रू. १ करोड ४५ लाख ७२ हजार, सुदूरपश्चिम प्रदेश कोरोना भाईरस रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोषमा रू. १ करोड ६९ लाख ५६ हजार र सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषमा रु. १ अर्ब गरी कूल रू. १ अर्ब ३ करोड १५ लाख २८ हजार समेत प्रदेश सञ्चित कोषमा मौज्दात रहेको छ।

### १.२.२.२ प्रदेश आन्तरिक ऋण

प्रदेश सरकारले हालसम्म आन्तरिक ऋण लिनुपर्ने आवश्यकता नपरेको हुँदा कुनैपनि ऋण लिएको छैन।

### १.२.२.३ प्रदेश वित्तीय क्षेत्र व्यवस्थापन

नेपालको संविधानले प्रदेश सरकारको वित्तीय क्षेत्राधिकार अन्तर्गत नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोगलाई राखेको छ। प्रदेश सरकारले ती क्षेत्रहरूमध्ये सहकारी क्षेत्रलाई मात्र आफ्नो कार्यक्षेत्र अन्तर्गत समेट्न सकेको छ। हाल प्रदेशको क्षेत्राधिकारभित्र दर्ता कायम रहेका कूल ३५६ वटा सहकारी संस्थाहरू छन्। उल्लेखित सहकारीमा कूल निक्षेप रू. १० अर्ब ४४ करोड ३४ लाख ९७ हजार रहेको देखिन्छ भने लगानी रू. ११ अर्ब ४९ लाख ९५ लाख ८५ हजार भएको देखिन्छ। यी सहकारी संस्थाहरूमा ३ लाख १९ हजार १ सय महिला र २ लाख २३ हजार ८ सय ८९ पुरुष गरी कूल ५ लाख ४२ हजार ९ सय ८९ जना शेयर सदस्य रहेका छन्।

## परिच्छेद - २

## बजेट खर्चको विश्लेषण

### २.१ वार्षिक बजेट विनियोजन र खर्चको विवरण


चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारबाट विनियोजन गरिएको कूल बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

(रू. हजारमा)

| क्र.सं. | शीर्षक | विनियोजन | पहिलो ६ महिनाको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | १२३८५४०३ | २५००१६१ | २०.१९ |
| २ | पूँजीगत | १७६५४०५२ | १५७२०७२ | ८.९० |
| ३ | वित्तीय व्यवस्था | ३००००० | ० | ०.०० |
| | जम्मा | ३०३३९४५५ | ४०७२२३३ | १३.४२ |

उल्लेखित विनियोजन र खर्चलाई तलको चित्रमा देखाइएको छ।

**कूल विनियोजन र खर्चको तुलनात्मक अवस्था**




चालु आर्थिक वर्ष २०७८/७९ मा विनियोजन भएको कूल रकम रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ २ अर्ब ५० करोड १ लाख ६१ हजार अर्थात् विनियोजनको तुलनामा २०.१९ प्रतिशत, पुँजीगततर्फ १ अर्ब ५७ करोड २० लाख ७२ हजार अर्थात् विनियोजनको तुलनामा ८.९० प्रतिशत गरी कुल रू. ४ अर्ब ७ करोड २२ लाख ३३ हजार खर्च अर्थात् कुल विनियोजनको तुलनामा १३.४२ प्रतिशत खर्च भएको छ।

## २.२ मन्त्रालयगत खर्चको विवरण


चालु आर्थिक वर्षमा मन्त्रालय/निकायको लागि विनियोजन गरिएको निकायगत बजेट र समीक्षा अवधिमा भएको खर्चको विवरण निम्नानुसारको तालिकामा उल्लेख गरिएको छ।

(रू. हजारमा)

| मन्त्रालय/निकाय | विवरण | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| प्रदेश व्यवस्थापिका | विनियोजन | १७६४६१ | ११३५० | १८७८११ |
| | खर्च | ५८४७२ | १६५२ | ६०१२४ |
| | **खर्च प्रतिशत** | **३३.१४** | **१४.५६** | **३२.०१** |
| प्रदेश लोकसेवा आयोग | विनियोजन | ८०४५४ | १४८८५ | ९५३३९ |
| | खर्च | १५३९४ | ६९८० | २२३७४ |
| | **खर्च प्रतिशत** | **१९.१३** | **४६.८९** | **२३.४७** |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | विनियोजन | ३६३७९९ | १०८६४२५ | १४५०२२४ |
| | खर्च | ५४००० | ३२११ | ५७२११ |
| | **खर्च प्रतिशत** | **१४.८४** | **०.३०** | **३.९४** |
| आर्थिक मामिला मन्त्रालय | विनियोजन | २१७८८६ | ८५४३७ | ३०३३२३ |
| | खर्च | २९९२२ | २५०६ | ३२४२८ |
| | **खर्च प्रतिशत** | **१३.७३** | **२.९३** | **१०.६९** |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | विनियोजन | ९१२०३२ | १२०१८०९ | २११३८४१ |
| | खर्च | २५६८४८ | १९३७४७ | ४५०५९५ |
| | **खर्च प्रतिशत** | **२८.१६** | **१६.१२** | **२१.३२** |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | विनियोजन | २५७८३४५ | २५७३११ | २८३५६५६ |
| | खर्च | ३१२९३४ | ३०६१४ | ३४३५४८ |
| | **खर्च प्रतिशत** | **१२.१४** | **११.९०** | **१२.१२** |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | विनियोजन | १२७६२६ | ३००९४० | ४२८५६६ |
| | खर्च | ५३५७० | ५०४२७ | १०३९९७ |
| | **खर्च प्रतिशत** | **४१.९७** | **१६.७६** | **२४.२७** |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | विनियोजन | ३९३६१५ | ११३६४७६६ | ११७५८३८१ |
| | खर्च | १५१३३१ | १०१५७७४ | ११६७१०५ |
| | **खर्च प्रतिशत** | **३८.४५** | **८.९४** | **९.९३** |
| सामाजिक विकास मन्त्रालय | विनियोजन | ३९६०५८८ | १९२५३१६ | ५८८५९०४ |
| | खर्च | ९८६१३४ | २६२३३३ | १२४८४६७ |
| | **खर्च प्रतिशत** | **२४.९०** | **१३.६३** | **२१.२१** |

| मन्त्रालय/निकाय | विवरण | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| प्रदेश नीति तथा योजना आयोग | विनियोजन | २५०५३ | ५८१३ | ३०८६६ |
| | खर्च | ६०४६ | ४८२८ | १०८७४ |
| | **खर्च प्रतिशत** | **२४.१३** | **८३.०६** | **३५.२३** |
| स्थानीय तह | विनियोजन | १७२४५०० | ० | १७२४५०० |
| | खर्च | ५७५५०९ | ० | ५७५५०९ |
| | **खर्च प्रतिशत** | **३३.३७** | **०.००** | **३३.३७** |
| जम्मा | विनियोजन | १२६८५४०३ | १७६५४०५२ | ३०३३९४५५ |
| | खर्च | २५००१६१ | १५७२०७२ | ४०७२२३३ |
| | **खर्च प्रतिशत** | **१९.७१** | **८.९०** | **१३.४२** |

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा भएको मन्त्रालय/निकायगत खर्चको भारलाई निम्नानुसार देखाइएको छ।




चालु आर्थिक वर्षमा मन्त्रालय/निकायगत विनियोजन भएको कूल बजेट मध्ये समीक्षा अवधिमा प्रदेश व्यवस्थापिकाबाट ३२.०१ प्रतिशत, प्रदेश लोकसेवा आयोगबाट २३.४७ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट ३.९४ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट १०.६९ प्रतिशत, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट २१.३२ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट १२.१२ प्रतिशत, आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट २४.२७ प्रतिशत, भौतिक

पूर्वाधार विकास मन्त्रालयबाट ९.९३ प्रतिशत, सामाजिक विकास मन्त्रालयबाट २१.२१ प्रतिशत र प्रदेश नीति तथा योजना आयोगबाट ३५.२३ प्रतिशत रकम खर्च भएको छ। समग्रमा विनियोजनको १३.४२ प्रतिशत खर्च भएको छ।


## २.३ स्रोतगत खर्चको विवरण

चालु आर्थिक वर्षको कूल बजेट र पहिलो ६ महिनामा स्रोतगत खर्च निम्नानुसार देखाइएको छ। स्रोतमा प्रदेश सरकारको स्रोत, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानलाई लिइएको छ।

(रू. हजारमा)

| विवरण | | प्रदेश | वित्तीय समानीकरण | सशर्त | विशेष | समपूरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| चालु | विनियोजन | ९४५१५०३ | ८२१५९० | १९८७८१० | १२४५०० | ० | १२३८५४०३ |
| | खर्च | २१२२८५५ | ३५०८७ | ३२३७९७ | १८४२२ | ० | २५००१६१ |
| | खर्च प्रतिशत | २२.४६ | ४.२७ | १६.२९ | १४.८० | ०.०० | २०.१९ |
| पूँजीगत | विनियोजन | ५९८३१४२ | ७७२२४१० | २२३०१०० | ४८९००० | १२२९४०० | १७६५४०५२ |
| | खर्च | ३५७४४० | ६९०६५१ | ३५३९३१ | २१८९५ | १४८१५६ | १५७२०७३ |
| | खर्च प्रतिशत | ५.९७ | ८.९४ | १४.९२ | ४.४८ | १२.०५ | ८.९० |
| वित्तीय व्यवस्था | विनियोजन | ३००००० | ० | ० | ० | ० | ३००००० |
| | खर्च | ० | ० | ० | ० | ० | ० |
| | खर्च प्रतिशत | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **विनियोजन** | **१५७३४६४५** | **८५४४०००** | **४२१७९१०** | **६१३५००** | **१२२९४००** | **३०३३९४५५** |
| | **खर्च** | **२४८०२९५** | **७२५७३८** | **६७७७२८** | **४०३१७** | **१४८१५६** | **४०७२२३४** |
| | **खर्च प्रतिशत** | **१५.७६** | **८.४९** | **१६.०७** | **६.५७** | **१२.०५** | **१३.४२** |

**स्रोतगत विनियोजन र खर्चको तुलनात्मक अवस्थालाई निम्नानुसार चित्रमा देखाइएको छ।**




चालु आर्थिक वर्षको बजेटमा प्रदेश स्रोततर्फ रू. १५ अर्ब ७३ करोड ४६ लाख ४५ हजार, वित्तीय समानीकरण अनुदानतर्फ रू. ८ अर्ब ५४ करोड ४० लाख, सशर्त अनुदानतर्फ रू. ४ अर्ब २१ करोड ७९ लाख १० हजार, विशेष अनुदानतर्फ रू. ६१ करोड ३५ लाख र समपूरक अनुदानतर्फ रू. १ अर्ब २२ करोड ९४ लाख विनियोजन भएकोमा समीक्षा अवधिमा प्रदेश स्रोततर्फ रु. २ अर्ब ४८ करोड २ लाख ९५ हजार अर्थात् विनियोजनको तुलनामा १५.७६ प्रतिशत, वित्तीय समानीकरणतर्फ रु. ७२ करोड ५७ लाख ३८ हजार अर्थात् विनियोजनको तुलनामा ८.४९ प्रतिशत, सशर्त अनुदानतर्फ रु. ६७ करोड ७७ लाख २८ हजार अर्थात् विनियोजनको तुलनामा १६.०७ प्रतिशत, विशेष अनुदानतर्फ रु. ४ करोड ३ लाख १७ हजार अर्थात् विनियोजनको तुलनामा ६.५७ प्रतिशत, समपूरक अनुदानतर्फ रु. १४ करोड ८१ लाख ५६ हजार अर्थात् विनियोजनको तुलनामा १२.०५ प्रतिशत गरी जम्मा रु. ४ अर्ब ७ करोड २२ लाख ३४ हजार अर्थात् कूल विनियोजनको तुलनामा १३.४२ प्रतिशत खर्च भएको छ।


## २.४ विगत आर्थिक वर्षको खर्चको तुलना

चालु आर्थिक वर्षको कूल बजेट विनियोजन र पहिलो ६ महिनाको खर्चको मापन गर्दा विगत ३ आर्थिक वर्षहरूको सोही अवधिसँग तुलना गर्दा देहाय बमोजिम देखिएको छ।

(रू. हजारमा)

| विवरण | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | | २०७८/७९ | | |
| | कूल विनियोजन | पहिलो ६ महिनासम्मको खर्च | खर्च प्रतिशत | कूल विनियोजन | पहिलो ६ महिनासम्मको खर्च | खर्च प्रतिशत | कूल विनियोजन | पहिलो ६ महिनासम्मको खर्च | खर्च प्रतिशत | कूल विनियोजन | पहिलो ६ महिनासम्मको खर्च | खर्च प्रतिशत |
| चालु | १३३५०८०० | १०४१५३८ | ७.८० | १४६९४८३६ | १५२२९८२ | १०.३६ | १६३२२८६० | २२९२५७४ | १४.०५ | १२३८५४०३ | २५००१६१ | २०.१९ |
| पुँजीगत | ११७१४८१४ | १५६४८५ | १.३४ | १३०६७१९९ | १३४५२९३ | १०.३० | १६७५८४८८ | १९८५८१९ | ११.८५ | १७६५४०५२ | १५७२०७२ | ८.९० |
| वित्तीय व्यवस्था | ० | ० | ०.०० | ४००००० | ० | ०.०० | ३००००० | ० | ० | ३००००० | ० | ०.० |
| **जम्मा** | २५०६५६१४ | ११९८०२३ | ४.७८ | २८१६२०३५ | २८६८२७५ | १०.१८ | ३३३८१३४८ | ४२७८३९३ | १२.८२ | ३०३३९४५५ | ४०७२२३३ | १३.४२ |

चार आर्थिक वर्षको कूल विनियोजन र पहिलो ६ महिनामा भएको खर्चको तुलनात्मक विवरणलाई निम्नानुसार चित्रमा देखाइएको छ।




आर्थिक वर्ष २०७५/७६ को कूल विनियोजनमध्ये पहिलो ६ महिनामा ४.७८ प्रतिशत, आर्थिक वर्ष २०७६/७७ मा १०.१८ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा १२.८२ प्रतिशत खर्च भएको थियो भने चालु आर्थिक वर्षमा कूल विनियोजनमध्ये १३.४२ प्रतिशत खर्च भएको छ।

## २.५ कार्यगत खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकमलाई कार्यगत शीर्षकमा वर्गीकरण गरी हेर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| क्रसं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **सामान्य सार्वजनिक सेवा** | | | | |
| १ | कार्यकारी र विधायिकाको निकाय, वित्तीय र वैदेशिक मामिला | १३११६६५ | ९१५४१ | ६.९८ |
| २ | सामान्य सेवा | ३३४८२४९ | ३३२४८ | ०.९९ |
| ३ | सामान्य आधारभूत सेवा | ३००० | ० | ०.०० |
| ४ | सामान्य अनुसन्धान तथा विकास सेवा | ३२३१७० | २४३०९ | ७.५२ |
| ५ | सार्वजनिक ऋण कारोवार | ३२०० | १४८७ | ४६.४७ |
| ६ | विभिन्न तहका सरकारहरू बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | १७३४५०० | ५७५५०९ | ३३.१८ |
| **सार्वजनिक शान्ति सुरक्षा** | | | | |
| ७ | न्यायालय | ४२८५६६ | १०३९९६ | २४.२७ |
| **आर्थिक मामिला** | | | | |
| ८ | सामान्य आर्थिक, व्यापारिक र श्रम | ३००००० | ० | ०.०० |
| ९ | कृषि, वन , मत्स्यपालन तथा शिकार | ७१६२२९७ | ८२२५०८ | ११.४८ |
| १० | इन्धन तथा उर्जा | ११००० | ० | ०.०० |
| ११ | खानी, उत्पादन तथा निर्माण | ६७५४०० | १६९११५ | २५.०४ |
| १२ | यातायात | ५५७७५१४ | ५६८६९५ | १०.२० |
| १३ | अन्य उद्योगहरु | ५६७४४८ | १५६९३७ | २७.६६ |
| १४ | अनुसन्धान तथा विकास- आर्थिक मामिला | ३०३३२३ | ३२४२८ | १०.६९ |
| १५ | आर्थिक मामिला- अन्यत्र वर्गीकृत नभएको | ३००० | ० | ०.०० |
| **वातावरण संरक्षण** | | | | |
| १६ | वातावरण संरक्षण- अन्यत्र वर्गीकृत नभएको | ४१९०० | ० | ०.०० |
| **आवास तथा सामुदायिक सुविधा** | | | | |
| १७ | आवास विकास | ७५४०८७ | १०९९९१ | १४.५९ |
| १८ | खानेपानी | १९०५२३२ | १३४००२ | ७.०३ |
| **स्वास्थ्य** | | | | |
| १९ | औषधी उत्पादन,उपकरण तथा औजार | २८३०० | ४७१० | १६.६४ |
| २० | वहिरंङ्ग सेवा | १०१८०० | ६६१९४ | ६५.०२ |
| २१ | अस्पताल सेवा | ५५७३०० | १३०४९४ | २३.४२ |

| क्रसं. | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २२ | सार्वजनिक स्वास्थ्य सेवा | १९२५३५६ | ६८२२२४ | ३५.४३ |
| २३ | अनुसन्धान सेवा | ५५५९५ | १०३२० | १८.५६ |
| **मनोरंजन,संस्कृति तथा धर्म** | | | | |
| २४ | मनोरंजनात्मक र खेलकुद सेवाहरु | ५०४०० | ९८३८ | १९.५२ |
| **शिक्षा** | | | | |
| २५ | तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५६३००० | ७७४८७ | १३.७६ |
| २६ | शिक्षाको लागि सहायक सेवाहरु | २५३८८०७ | २४७३७९ | ९.७४ |
| २७ | शिक्षा अनुसन्धान विकास | ६५३४६ | १९८२२ | ३०.३३ |
| **जम्मा** | | **३०३३९४५५** | **४०७२२३४** | **१३.४२** |

## २.६ प्राथमिकताका आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको रकमलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| संकेत | प्राथमिकता | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| P1 | पहिलो | २८९६८३५५ | ३८९०४१९ | १३.४३ |
| P2 | दोस्रो | १३७११०० | १८१८१५ | १३.२६ |

समीक्षा अवधिमा पहिलो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ १३.४३ प्रतिशत र दोस्रो प्राथमिकतामा रहेका कार्यक्रमतर्फ १३.२६ प्रतिशत खर्च भएको छ।

## २.७ रणनीतिक स्तम्भहरूको आधारमा खर्चको स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको रकमलाई रणनीतिक स्तम्भका आधारमा वर्गीकरण गर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| क्र.सं . | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि | ७६७१६६० | १०७५५५७ | १४.०२ |
| २ | स्वास्थ्य तथा शिक्षा | ८५५०१२६ | ११०७३८३ | १२.९५ |
| ३ | अन्तरआबद्धता र शहरी विकास | ६८९८४५ | १४३६६४ | २०.८३ |
| ४ | उत्पादन र उत्पादकत्व अभिवृद्धि | ५१६४५७६ | १९५६५९ | ३.७९ |
| ५ | सामाजिक सुरक्षा तथा संरक्षण | ५८३४५०८ | १२८३७८६ | २२.०० |

| क्र.सं . | विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ६ | गरिवी निवारण र न्यायपूर्ण समाज | १०४०० | १०० | ०.९६ |
| ७ | प्राकृतिक स्रोत तथा उत्थानशीलता | ६८४९६६ | १२६३७४ | १८.४५ |
| ८ | सुशासन, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता | १५३७३९३ | ७८९९१ | ५.१४ |
| ९ | साधारण प्रशासन | १९५९८१ | ६०७१९ | ३०.९८ |
| | **जम्मा** | **३०३३९४५५** | **४०७२२३४** | **१३.४२** |

समग्र बजेट तथा कार्यक्रमलाई विभिन्न ९ वटा रणनीतिक स्तम्भ वर्गीकरण गरिएकोमा सबैभन्दा बढी साधारण प्रशासनतर्फ विनियोजनको ३०.९८ प्रतिशत, सामाजिक सुरक्षा तथा संरक्षणतर्फ विनियोजनको २२ प्रतिशत खर्च भएको छ भने अन्तरआबद्धता र शहरी विकासतर्फ विनियोजनको २०.८३ र प्राकृतिक स्रोत तथा उत्थानशीलतातर्फ विनियोजनको १८.४५ प्रतिशत खर्च भएको छ।

## २.८ दिगो विकास लक्ष्यको आधारमा खर्च स्थिति

चालु आर्थिक वर्षमा विनियोजन भएको कूल रकमलाई दिगो विकास लक्ष्य प्राप्तिका लागि गरिएको विनियोजनका आधारमा हेर्दा समीक्षा अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| सांकेतीकरण नगरिएको | ९०६२६७९ | १३४५३७२ | १४.८५ |
| गरिबीको अन्त्य | १८१९०२७ | २७०१०५ | १४.८५ |
| शून्य भोकमरी | ५९०९७१ | ८६४६२ | १४.६३ |
| स्वस्थ जीवन | १८९३८५४ | ६९१६५२ | ३६.५२ |
| गुणस्तरीय शिक्षा | ११५६८६१ | २०५६५९ | १७.७८ |
| लैङ्गिक समानता | १४४७२९२ | ६१५४२ | ४.२५ |
| दिगो सफा पानी तथा सरसफाइ सेवा | १८३९२३९ | १५१३१३ | ८.२३ |
| समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ७९८८७४१ | ७७८४८६ | ९.७४ |
| उद्योग, नवीन खोज र पूर्वाधार | २५३९३९ | ५४५०५ | २१.४६ |
| असमानता न्यूनीकरण | ६३६४६१ | ६६३०० | १०.४२ |
| दिगो शहर र वस्तीहरू | ५८३६८७ | ६२२०१ | १०.६६ |
| दिगो उपभोग तथा उत्पादन | १६६४१ | ६८५२ | ४१.१७ |
| जलवायु परिवर्तन अनुकुलन | २०४५०५४ | १०५०७२ | ५.१४ |
| भूसतह स्रोतको उपयोग | २५५८१३ | ३७१८८ | १४.५४ |
| शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ४२८५६६ | १०३९९६ | २४.२७ |

| विवरण | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| दिगो विकासका लागि साझेदारी | ३२०६३० | ४५५२९ | १४.२० |
| **जम्मा** | **३०३३९४५५** | **४०७२२३४** | **१३.४२** |

## २.९ खर्च शीर्षकगत खर्च स्थिति

चालु आर्थिक वर्षमा शीर्षकगत आधारमा गरिएको विनियोजन रकम र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरणलाई निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| खर्च शिर्षक | विनियोजन (स्रोतगत) | | | | | | खर्च (स्रोतगत) | | | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | |
| २११११ | १३०२१४५ | ९९४१४ | १०६७१८ | | | १५०८२७७ | ४८८१९६ | ० | ३८७६६ | | | ५२६९६२ | ३४.९४ |
| २१११२ | ७१३२२ | | ० | | | ७१३२२ | ३२७३४ | ० | ० | | | ३२७३४ | ४५.९० |
| २११२१ | २९४९० | | ११५९० | | | ४१०८० | ५८ | ० | १ | | | ५९ | ०.१४ |
| २११२२ | ५९७१७ | | ० | | | ५९७१७ | २३७७७ | ० | १०८६ | | | २४८६३ | ४१.६३ |
| २११२३ | ५०० | | ० | | | ५०० | ० | ० | ० | | | ० | ०.०० |
| २११३१ | ६१९७३ | | ३१७५ | | | ६५१४८ | १७२९२ | ० | १०४६ | | | १८३३८ | २८.१५ |
| २११३२ | ६६२९७ | ० | ३७४४ | | | ७००४१ | १९४१७ | १०८ | १५४४ | | | २१०७० | ३०.०८ |
| २११३४ | २१०९२ | | १०८० | | | २२१७२ | ४१४१ | ० | १४८ | | | ४२८९ | १९.३४ |
| २११३५ | ४४४ | | २१६० | | ४२००० | ४४६०४ | ३० | ० | १५८ | | ० | १८८ | ०.४२ |
| २११३९ | ५४९४८ | ८०००० | ६५ | | | १३५०१३ | १५८९४ | ६१५८ | १३ | | | २२०६५ | १६.३४ |
| २११४१ | १२८४८ | | ० | | | १२८४८ | १५२८ | ० | ० | | | १५२८ | ११.८९ |
| २११४२ | ३५८६ | | ० | | | ३५८६ | १३९० | ० | ० | | | १३९० | ३८.७५ |
| २११४९ | १३२५ | | ४१८६ | | | ५५११ | १९७ | ० | २३० | | | ४२६ | ७.७४ |
| २१२१२ | १९५५ | | ० | | | १९५५ | ४७ | ० | ० | | | ४७ | २.४२ |
| २१२१३ | ९५३१ | | ० | | | ९५३१ | २१३० | ० | ० | | | २१३० | २२.३५ |
| २२१११ | ५८८१५ | | ४१८८ | | | ६३००३ | १७८७१ | ० | ९०० | | | १८७७१ | २९.७९ |
| २२११२ | ३४११६ | | ८४० | | | ३४९५६ | ८०४८ | ० | ३०६ | | | ८३५४ | २३.९० |
| २२२११ | ७७८८ | | ० | | | ७७८८ | २७८९ | ० | ० | | | २७८९ | ३५.८१ |
| २२२१२ | ६६०३३ | | १३०८ | | | ६७३४१ | २७४६९ | ० | १०९७ | | | २८५६७ | ४२.४२ |
| २२२१३ | ५९१८० | | २२०० | | | ६१३८० | २३७६३ | ० | ८५९ | | | २४६२२ | ४०.११ |
| २२२१४ | १९६८२ | | ५८० | | | २०२६२ | ५१४२ | ० | १९१ | | | ५३३२ | २६.३२ |
| २२२२१ | २९७६९ | | १०६० | | | ३०८२९ | ६१०५ | ० | ११४ | | | ६२१९ | २०.१७ |
| २२२३१ | ५०२०० | | २२१२० | | | ७२३२० | १४२१२ | ० | ४०२ | | | १४६१४ | २०.२१ |
| २२२९१ | ७७७ | | २६४ | | | १०४१ | २७९ | ० | १० | | | २८९ | २७.७९ |
| २२३११ | ९०८८८ | | १२७२ | | | ९२१६० | ३७५१४ | ० | ७१५ | | | ३८२२९ | ४१.४८ |
| २२३१२ | १५० | | ६६० | | | ८१० | ३६ | ० | २८४ | | | ३२१ | ३९.५९ |
| २२३१३ | १६३१ | | १००० | | | २६३१ | ७० | ० | ६५६ | | | ७२६ | २७.५९ |
| २२३१४ | ११४९३ | | ५६४ | | | १२०५७ | २८३९ | ० | ८० | | | २९१९ | २४.२१ |
| २२३१५ | ५१४८६ | | २७०८ | | | ५४१९४ | ८७४१ | ० | ५१३ | | | ९२५४ | १७.०८ |

| खर्च शिर्षक | विनियोजन (स्रोतगत) | | | | | | खर्च (स्रोतगत) | | | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | |
| २२३१९ | ५८७९ | | १८०० | | | ७६७९ | ३१८८ | ० | ९७४ | | | ४१६२ | ५४.२० |
| २२४११ | ६३७३४ | | ५४० | | | ६४२७४ | २११२१ | ० | २७० | | | २१३९१ | ३३.२८ |
| २२४१२ | १२५६८ | | १६० | | | १२७२८ | ११०४ | ० | १० | | | १११४ | ८.७५ |
| २२४१३ | २९७४०८ | ० | २०३५५ | | | ३१७७६३ | १३६०४४ | ४० | ९३६४ | | | १४५४४९ | ४५.७७ |
| २२४१९ | ११३३९६ | | ४०४८० | | ११७०० | १६४९७६ | ४९६४४ | ० | ९८६० | | ४३६२ | ६३८६५ | ३८.७१ |
| २२५११ | ५६५३४ | | ७८०८५ | | ५००० | १३९६१९ | १६३५२ | ० | ६५१६ | | १४४० | २४३०८ | १७.४१ |
| २२५१२ | १२६४८६ | ५८५०० | ५७०२९ | | | २४२०१५ | ३६४०९ | ० | ११५७ | | | ३७५६५ | १५.५२ |
| २२५२१ | ४७३८२ | | १०६० | | | ४८४४२ | १३५२८ | ० | ० | | | १३५२८ | २७.९३ |
| २२५२२ | २७४६४९८ | ३८३२१९ | १५७४२०० | | १०४०० | ४७१४३१७ | ३९५५२३ | २३९९४ | २३७४९४ | | २४०० | ६५९४११ | १३.९९ |
| २२५२९ | १५४७२ | | ३५०० | | | १८९७२ | ५१४० | ० | ० | | | ५१४० | २७.०९ |
| २२६११ | १०६९१८ | | ७०३८ | | | ११३९५६ | ४६११५ | ० | ९४९ | | | ४७०६४ | ४१.३० |
| २२६१२ | २८८५७ | | १५९६ | | | ३०४५३ | ७५३३ | ० | १०३४ | | | ८५६८ | २८.१३ |
| २२७११ | ७९१४९ | | ७०८ | | | ७९८५७ | २१०४५ | ० | ४१७ | | | २१४६२ | २६.८८ |
| २५२१२ | २२४०० | | ० | | | २२४०० | ० | ० | ० | | | ० | ०.०० |
| २५३११ | २५७२५ | | ० | | | २५७२५ | ० | ० | ० | | | ० | ०.०० |
| २५३१५ | १३८०० | | ० | | | १३८०० | ० | ० | ० | | | ० | ०.०० |
| २६३३१ | ७२४५०० | | ० | | | ७२४५०० | ३३४७२९ | ० | ० | | | ३३४७२९ | ४६.२० |
| २६३३३ | ४००००० | | ० | | | ४००००० | ९७९९९ | ० | ० | | | ९७९९९ | २४.५० |
| २६३३४ | ६००००० | | ० | | | ६००००० | १४२७८२ | ० | ० | | | १४२७८२ | २३.८० |
| २६३३५ | १५०० | | ० | | | १५०० | ० | ० | ० | | | ० | ०.०० |
| २६४१२ | ५५०० | | ० | | | ५५०० | ३७५ | ० | ० | | | ३७५ | ६.८२ |
| २६४१३ | ९००० | ८०००० | ० | | | ८९००० | ० | ० | ० | | | ० | ०.०० |
| २६४२१ | | ४०५०० | ० | | | ४०५०० | | ० | ० | | | ० | ०.०० |
| २७१११ | ४८६३ | २७८७ | ० | | | ७६५० | ४६०३ | २७८७ | ० | | | ७३९० | ९६.६० |
| २७११२ | | २००० | ७०० | | २५६६५ | २८३६५ | | ० | ० | | ९५७० | ९५७० | ३३.७४ |
| २७२११ | | ३५७५० | १६६०० | | | ५२३५० | | ० | २३४० | | | २३४० | ४.४७ |
| २७२१३ | २७८४० | १०००० | १०५२८ | | २५००० | ७३३६८ | ७३९८ | २००० | ३४८१ | | ० | १२८७९ | १७.५५ |
| २७२१९ | २०८४० | | ० | | ५३३५ | २६१७५ | ० | ० | ० | | ६५० | ६५० | २.४८ |
| २८१४१ | १०० | | ० | | | १०० | ० | ० | ० | | | ० | ०.०० |
| २८१४२ | ६३८०९ | | १९४९ | | | ६५७५८ | १८७९३ | ० | ८१२ | | | १९६०५ | २९.८१ |
| २८१४३ | ५५२६ | | ० | | | ५५२६ | १३७६ | ० | ० | | | १३७६ | २४.९१ |
| २८२११ | ३७८ | | ० | | | ३७८ | ० | ० | ० | | | ० | ०.०० |
| २८२१२ | ६००० | | ० | | | ६००० | ० | ० | ० | | | ० | ०.०० |
| २८२१९ | ० | | ० | | | ० | २९५ | ० | ० | | | २९५ | ०.०० |
| २८९११ | १६४०२६० | २९४२० | ० | | | १६६९६८० | ५० | ० | ० | | | ५० | ०.०० |
| ३११११ | ५०० | | ० | | | ५०० | ० | ० | ० | | | ० | ०.०० |
| ३१११२ | ७९२४४५ | ६९७९८२ | २२५३५५ | | ३५८१०० | २०७३८८२ | १०९७१० | १११९९८ | ४८३६१ | | १९२०९ | २८९२७८ | १३.९५ |
| ३१११३ | | | १००० | | | १००० | | ० | ० | | | ० | ०.०० |
| ३११२१ | १२८३०८ | १०९१५ | १०५० | | | १४०२७३ | १६८२६ | १६६४ | १५१ | | | १८६४० | १३.२९ |
| ३११२२ | १३७५६४ | १३६५७४ | २०२७५ | | | २९४४१३ | ३२७५२ | २९०६३ | २६१४५ | | | ८७९६० | २९.८८ |
| ३११२३ | ४५०४२ | ३१४७९ | ३१२० | | | ७९६४१ | १५६६३ | ४६५८ | ६१७ | | | २०९३८ | २६.२९ |
| ३११३४ | ६७९० | | ० | | | ६७९० | ४९७ | ० | ० | | | ४९७ | ७.३२ |

| खर्च शिर्षक | विनियोजन (स्रोतगत) | | | | | | खर्च (स्रोतगत) | | | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त | समपूरक | विशेष | जम्मा | |
| ३११३५ | २८७०० | ८२२०० | १५०० | | | ११२४०० | ९९५ | ८७३१ | ० | | | ९७२६ | ८.६५ |
| ३११५१ | ८२८६०० | ३०४५१८० | ८१४०० | १२२९४०० | | ५१८४५८० | ४३५१६ | २९७२५१ | ० | १४८१५६ | | ४८८९२३ | ९.४३ |
| ३११५३ | | ९१५०० | ० | | | ९१५०० | | ० | ० | | | ० | ०.०० |
| ३११५४ | ४२३५०० | १८१८०० | ६७४०० | | | ६७२७०० | १२१६२ | १०९४२ | ११३६६ | | | ३४४६९ | ५.१२ |
| ३११५५ | ६२५५०० | ९८४३८० | ४३१८०० | | | २०४१६८० | ४०९३ | ५६१२९ | ४८२५६ | | | १०८४७८ | ५.३१ |
| ३११५६ | ३३५६०० | ८०३८०० | ५६२१०० | | १३०९०० | १८३२४०० | ३५६८ | ५४७८५ | ४४९३२ | | २६८६ | १०५९७० | ५.७८ |
| ३११५७ | ५९८०० | | ८५५०० | | | १४५३०० | ११४४३ | ० | २४३१ | | | १३८७५ | ९.५५ |
| ३११५८ | २९५० | ९००० | ० | | | ११९५० | ५४८ | ४४०९ | ० | | | ४९५७ | ४१.४८ |
| ३११५९ | ११२०३९० | १२८९५० | ११६००० | | | १३६५३४० | ६७९४० | १९४२९ | ७९१२५ | | | १६६४९३ | १२.१९ |
| ३११६१ | ४४४७५ | १८६५० | ४०००० | | | १०३१२५ | ७६८१ | ३६७० | १८२६ | | | १३१७७ | १२.७८ |
| ३११७१ | ३१५९७८ | १००००० | ५९३६०० | | | १००९५७८ | ३००४७ | ८७९२४ | ९०७२१ | | | २०८६९२ | २०.६७ |
| ३१५११ | १०८७००० | १४००००० | ० | | | २४८७००० | ० | ० | ० | | | ० | ०.०० |
| ३२१४२ | ३०००० | | ० | | | ३०००० | ० | ० | ० | | | ० | ०.०० |
| ३२१४३ | ३०००० | | ० | | | ३०००० | ० | ० | ० | | | ० | ०.०० |
| ३२१५१ | २४०००० | | ० | | | २४०००० | ० | ० | ० | | | ० | ०.०० |
| **जम्मा** | ४३१५१९३ | १६५६६०० | ४२१७९१० | १२२९४०० | ६१३५०० | ३०३३९४५५ | १३७४८१ | ७२५७३९ | ६७७७२८ | १४८१५६ | ४०३१६ | ४०७२२३४ | १३.४२ |

खर्च शीर्षकगत रूपमा आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको अवधिमा पूँजीगत खर्चतर्फ विनियोजन भएको बजेट मध्ये भवन निर्माण (३१११२) तर्फ १३.९५ प्रतिशत, अन्य सार्वजनिक निर्माण (३११५९) तर्फ १२.१९ प्रतिशत, सडक तथा पूल निर्माण (३११५१) तर्फ ९.४३ प्रतिशत, सिंचाई (३११५५) तर्फ ५.३१ प्रतिशत, खानेपानी (३११५६) तर्फ ५.७८ प्रतिशत खर्च भएको छ।

## परिच्छेद - ३

## स्रोत व्यवस्थापन विश्लेषण


### ३.१ स्रोत व्यवस्थापन

चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि गरिने स्रोत व्यवस्थापनको वार्षिक लक्ष्य र पहिलो ६ महिनाको अवधिमा प्राप्त भएको स्रोतको अवस्थालाई निम्नानुसार देखाइएको छ।

(रू. हजारमा)

| क्र.सं. | स्रोत | वार्षिक लक्ष्य | अर्धवार्षिक अवधिको प्राप्ति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारको आन्तरिक राजस्व | १०८३०२१ | ७१२९३८ | ६५.८३ |
| २ | वित्तीय समानीकरण अनुदान | ८५४४००० | ४२७२००० | ५०.० |
| ३ | सशर्त अनुदान | ४२१७९१० | १९९५०७४ | ४७.३ |
| ४ | विशेष अनुदान | ६१३५०० | २०४३०० | ३३.३ |
| ५ | समपूरक अनुदान | १२२९४०० | ४०९७०० | ३३.३३ |
| ६ | राजस्व बाँडफाँड (मु.अ.क. र अन्तःशुल्क) | ७९२९१०० | ३५७२१३४ | ४५.०५ |
| ७ | रोयल्टी | ३९४६३ | ४०२२१ | १०१.९२ |
| ८ | नगद मौज्दात | ६६८३०६१ | ५६८११३५ | ८५.०१ |
| | **जम्मा** | **३०३३९४५५** | **१६८८७५०२** | ५५.६६ |

चालु आर्थिक वर्षको स्रोत अनुमान र पहिलो ६ महिनासम्मको प्रगति विवरणलाई निम्नानुसारको चित्रमा देखाइएको छ।




आर्थिक वर्ष २०७८/७९ मा स्रोत व्यवस्थापनमा प्रदेश सरकारको आन्तरिक राजस्व संकलन रू. १ अर्ब ८ करोड ३० लाख २१ हजार, नेपाल सरकारबाट प्राप्त हुने अनुदान रू. १४ अर्ब ६० करोड ४८ लाख १० हजार, बाँडफाँट भई प्राप्त हुने राजस्व (मुल्य अभिवृद्धि कर र अन्तःशुल्क) वापत रू. ७ अर्ब ९२ करोड ९१ लाख, रोयल्टी रू. ३ करोड ९४ लाख ६३ हजार र नगद मौज्दात रू. ६ अर्ब ६८ करोड ३० लाख ६१ हजार वार्षिक लक्ष्य राखिएकोमा समीक्षा अवधिमा रू. १६ अर्ब ८८ करोड ७५ लाख २ हजार प्राप्त भएको छ। जुन वार्षिक लक्ष्यको ५५.६६ प्रतिशत हो। गत आर्थिक वर्षको सोही अवधिमा रू. १७ अर्ब ४३ करोड ४४ लाख ८० हजार अर्थात वार्षिक लक्ष्यको ५२.२३ प्रतिशत स्रोत व्यवस्थापन भएको थियो।

## ३.२ प्रदेश सरकारको आन्तरिक राजस्व प्राप्तिको अवस्था

चालु आर्थिक वर्षको पहिलो ६ महिनामा प्राप्त शिर्षकगत राजस्वको अवस्था देहाएको तालिकामा देखाइएको छ।

| क्र.सं. | कर शीर्षक | वार्षिक लक्ष्य | यथार्थ असुली | असुली प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सवारीसाधन कर | ४४५५१३ | ३०३६५२ | ६८.१६ | |
| २ | घरजग्गा रजिष्ट्रेसन शुल्क | २५८०६९ | १५७२३७ | ६०.९३ | |
| ३ | कृषिमा आयकर | ० | ० | ०.०० | |
| ४ | मनोरन्जन कर | १००० | ० | ०.०० | |
| ५ | विज्ञापन कर | ५०० | ० | ०.०० | |
| ६ | प्राकृतिक स्रोत कर | ४००० | १५६० | ३९.०० | |
| ७ | सेवा शुल्क दस्तुर | ७२०९४ | ३३०५२ | ४५.८५ | |
| ८ | अन्य आय | ३००००० | २१६२२३ | ७२.०७ | |
| ९ | अन्य प्रशासनिक शुल्क | १८४५ | १२१४ | ६५.८० | |
| | जम्मा | १०८३०२१ | ७१२९३८ | ६५.८३ | |

## ३.३ स्रोत व्यवस्थापनको तुलना


आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ र २०७८/७९ को स्रोत व्यवस्थापनको लक्ष्य र पहिलो ६ महिनाको अवधिको तुलनात्मक विवरणलाई तलको तालिकमा देखाइएको छ।

(रू. हजारमा)

| क.सं. | शीर्षक | २०७५/७६ | | | २०७६/७७ | | | २०७७/७८ | | | २०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | पहिलो ६ महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | पहिलो ६ महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | पहिलो ६ महिनासम्मको प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | पहिलो ६ महिनासम्मको प्राप्ति | प्रतिशत |
| १ | प्रदेश सरकारको आन्तरिक स्रोत | ४९३००० | १११५८३ | २२.६३ | ८२६८१७ | ३१०४९८ | ३७.५५ | ६०७०३० | ७३८७६० | १२१.७० | १०८३०२१ | ७१२९३८ | ६५.८३ |
| २ | वित्तीय समानीकरण अनुदान | ८४७४६५३ | ३९६२३५० | ४६.७६ | ७९५२४०० | १९८८१०० | २५.०० | ८०७६८०० | ४०३८४०० | ५०.०० | ८५४४००० | ४२७२००० | ५०.०० |
| ३ | सशर्त अनुदान | ६३२७८०० | १५८१९५० | २५.०० | ४५५०६०० | १११००७५ | २४.३९ | ४४१२४१५ | २५४८५५४ | ५७.७६ | ४२१७९१० | १९९५०७४ | ४७.३० |
| ४ | विशेष अनुदान | २००००० | ० | ०.०० | १०००००० | ० | ०.०० | ४८५००० | ० | ०.०० | ६१३५०० | २०४३०० | ३३.३० |
| ५ | समपूरक अनुदान | २०००००० | ० | ०.०० | १०००००० | ० | ०.०० | १२६२९०० | ० | ०.०० | १२२९४०० | ४०९७०० | ३३.३३ |
| ६ | राजस्व बाँडफाँट (मुल्य अभिवृद्धि कर र अन्तशुल्क) | ७५७०१६१ | १५६०१६४ | २०.६१ | ८०४६८५५ | २५४३३६६ | ३१.६१ | ७८७३६०० | २८२३९८८ | ३५.८७ | ७९२९१०० | ३५७२१३४ | ४५.०५ |
| ७ | रोयल्टी | ० | ० | ०.०० | ० | ० | ०.०० | ७०००० | ४५०९९ | ६४.४३ | ३९४६३ | ४०२२१ | १०१.९२ |
| ८ | नगद मौज्दात | ० | ७६०६८३ | ०.०० | ४७८५३६३ | ६१०५७५२ | १२७.५९ | १०५९३६०३ | ७५३५७०५ | ७१.१३ | ६६८३०६१ | ५६८११३५ | ८५.०१ |
| | **जम्मा** | **२५०६५६१४** | **७९७६७३०** | **३१.८२** | **२८१६२०३५** | **१२०५७७९१** | **४२.८२** | **३३३८१३४८** | **१७७३०५०५** | **५३.१२** | **३०३३९४५५** | **१६८८७५०२** | **५५.६६** |

स्रोत व्यवस्थापनतर्फ आर्थिक वर्ष २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ को पहिलो ६ महिनाको अवधिमा वार्षिक लक्ष्यको तुलनामा क्रमशः ३१.८२ प्रतिशत, ४२.८२ प्रतिशत, ५३.१२ प्रतिशत र ५५.६६ प्रतिशत प्रगति हासिल भएको छ।

चार आर्थिक वर्षको स्रोत व्यवस्थापनको लक्ष्य र पहिलो ६ महिनाको प्रगतिको तुलनात्मक विवरणलाई निम्नानुसार चित्रमा देखाइएको छ।




माथिको रेखाचित्र बमोजिम आर्थिक वर्ष २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ मा स्रोत परिचालनको लक्ष्य र प्राप्ति दुवै सुधारोन्मुख रहेको छ।

## परिच्छेद - ४

## अन्तर सरकारी वित्तीय हस्तान्तरण

### ४.१ प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण

#### ४.१.१ वित्तीय समानीकरण अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ मा प्रत्येक आर्थिक वर्षको भदौ १० गते, कात्तिक १० गते, माघ १० गते र वैशाख १० गते गरी चार किस्तामा वित्तीय समानीकरण अनुदान वापतको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्ने व्यवस्था रहेको छ। सोहि व्यवस्था बमोजिम प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा प्रदेश भित्रका सबै स्थानीय तहमा वित्तीय समानीकरण अनुदान वापत कूल रू. ७२ करोड ४५ लाख विनियोजन गरिएकोमा आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्ममा पहिलो र दोस्रो किस्ता वापत रू. ३३ करोड ४७ लाख २९ हजार हस्तान्तरण भैसकेको छ।

#### ४.१.२ सशर्त अनुदान

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ को दफा ५ (१) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्न उपयुक्त हुने देखिएमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट त्यस्तो योजना वा कार्यक्रम सशर्त अनुदानको रुपमा हस्तान्तरण गर्न सकिने व्यवस्था रहेको भएतापनि चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्म कुनै पनि आयोजना तथा कार्यक्रमहरु स्थानीय तहहरुबाट कार्यान्वयन हुने गरी सशर्त अनुदान मार्फत हस्तान्तरण गरिएको छैन।

#### ४.१.३ विशेष अनुदान

प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा ८३ वटा स्थानीय तहका १५७ वटा आयोजनाको लागि विशेष अनुदानतर्फ जम्मा रू. ४० करोड विनियोजन गरिएको छ। सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०७८ र प्रदेश विशेष अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ को व्यवस्था बमोजिम चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्म रु. ९ करोड ७९ लाख ९९ हजार सम्बन्धित स्थानीय तहहरुलाई हस्तान्तरण गरिसकिएको छ।

#### ४.१.४ समपूरक अनुदान

प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा ७९ वटा स्थानीय तहका १६८ वटा आयोजनाको लागि समपूरक अनुदानतर्फ जम्मा रू. ६० करोड विनियोजन गरिएको छ। प्रदेश समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ को दफा ६(४) मा समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि प्रदेश सरकारले अनुदान दिँदा सम्बन्धित स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा

भएको कार्यप्रगतिको आधारमा चौमासिक रुपमा रकम उपलब्ध गराउने र सोहि कार्यविधिको दफा ६ (५) मा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन भइरहेका आयोजना वा कार्यक्रमको प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम स्थानीय तहलाई उपलब्ध गराउने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम चालु आर्थिक वर्षको पहिलो ६ महिनासम्म कूल रू. १४ करोड २७ लाख ८२ हजार हस्तान्तरण गरिसकिएको छ।

## परिच्छेद - ५

## वित्तीय क्षेत्र विश्लेषण

नेपालको संविधानको अनुसूची-६ मा नेपाल राष्ट्र बैंकको नीति अनुरुप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा बैदेशिक अनुदान र सहयोगलाई प्रदेश सरकारको एकल अधिकार सूचीमा राखिएको छ। त्यसैगरी सहकारी क्षेत्रलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा तथा सहकारी संस्थालाई स्थानीय तहको एकल अधिकारको सूचीमा र तीनै तहको साझा अधिकारको सूचीमा समेत राखिएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत सहकारी रजिष्ट्रारको कार्यालय स्थापना भएको छ।

सहकारी रजिष्ट्रारको कार्यालयबाट अद्यावधिक विवरण अनुसार गत आर्थिक वर्ष २०७७/७८ सम्म प्रदेश सरकारको क्षेत्राधिकारभित्र रही CoPoMIS मा प्रविष्ट भएका सहकारीको संख्या ३५६ रहेको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनामा ७ वटा नयाँ सहकारी संस्था दर्ता भएका र ४ वटा सहकारी एक अर्कामा मर्ज भएको भन्ने तथ्याङ्क CoPoMIS मा देखिएको छ। प्रदेशको कार्यक्षेत्रभित्र रहेका ३५६ सहकारी संस्थामा कूल शेयर सदस्य संख्या ५ लाख ४२ हजार ९ सय ८९ रहेका छन। सदस्य संख्या मध्ये ३ लाख १९ हजार १ सय जना महिला र २ लाख २३ हजार ८ सय ८९ जना पुरुष रहेका छन् । यस प्रदेशको क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाको जम्मा निक्षेप रू. १० अर्ब ४४ करोड ३४ लाख ९७ हजार रहेको छ। उल्लेखित सबै सहकारीबाट हालसम्म रू. ११ अर्ब ४९ करोड ९५ लाख ८५ हजार विभिन्न क्षेत्रमा लगानी भएको छ।

# परिच्छेद - ६
## मन्त्रालयगत प्रगति विवरण

### ६.१ प्रदेश व्यवस्थापिका

#### ६.१.१ वित्तीय विवरण

प्रदेश व्यवस्थापिकाको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार देखाइएको छ।

(रू. हजारमा)

| विवरण | चालु | | पूँजीगत | | कूल जम्मा |
|---|---|---|---|---|---|
| | प्रदेश स्रोत | जम्मा | प्रदेश स्रोत | जम्मा | |
| विनियोजन | १७६४६१ | १७६४६१ | ११३५० | ११३५० | १८७८११ |
| खर्च | ५८४७२ | ५८४७२ | १६५३ | १६५३ | ६०१२५ |
| खर्च प्रतिशत | ३३.१४ | ३३.१४ | १४.५६ | १४.५६ | ३२.०१ |

प्रदेश व्यवस्थापिकामा चालु आर्थिक वर्षको लागि कूल रू. १८ करोड ७८ लाख ११ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. १७ करोड ६४ लाख ६१ हजार र पूँजीगततर्फ रू. १ करोड १३ लाख ५० हजार रहेको छ। प्रदेश व्यवस्थापिकामा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित कूल रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ५ करोड ८४ लाख ७२ हजार र पूँजीगततर्फ रू. १६ लाख ५३ हजार खर्च भई जम्मा रू. ६ करोड १ लाख २५ हजार खर्च भएको छ। समग्रमा प्रदेश व्यवस्थापिकाबाट कूल विनियोजनको ३२.०१ प्रतिशत खर्च भएको छ।

#### ६.१.२ प्रमुख उपलब्धि

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा प्रदेश व्यवस्थापिकाबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- विधायन तथा प्रदेश मामिला समितिबाट विभिन्न विधेयक माथि राय सुझाव संकलन गर्ने कार्य गरेको।
- विभिन्न समयमा विषयगत समितिका माननीयहरुबाट अनुगमन,अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रम गर्ने काम सुरु भएको।
- अन्तर प्रदेश असल अभ्यास आदान-प्रदान हेतु प्रदेश सभा माननीय र कर्मचारीहरुबाट अन्तर- प्रदेश अध्ययन अवलोकन भ्रमण गर्ने कार्य सम्पन्न भएको।

## ६.२ प्रदेश लोक सेवा आयोग

### ६.२.१ वित्तीय विवरण

प्रदेश लोक सेवा आयोगको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार देखाइएको छ।

(रू. हजारमा)

| विवरण | चालु | | पूँजीगत | | कूल जम्मा |
|---|---|---|---|---|---|
| | प्रदेश स्रोत | जम्मा | प्रदेश स्रोत | जम्मा | |
| विनियोजन | ८०४५४ | ८०४५४ | १४८८५ | १४८८५ | ९५३३९ |
| खर्च | १५३९४ | १५३९४ | ६९८० | ६९८० | २२३७४ |
| खर्च प्रतिशत | १९.१३ | १९.१३ | ४६.८९ | ४६.८९ | २३.४७ |

प्रदेश लोक सेवा आयोगमा चालु आर्थिक वर्षको लागि कूल रू. ९ करोड ५३ लाख ३९ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. ८ करोड ४ लाख ४५ हजार र पूँजीगततर्फ रू. १ करोड ४८ लाख ८५ हजार रहेको छ। आयोगमा विनियोजन गरिएको सम्पूर्ण बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित कूल रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. १ करोड ५३ लाख ९४ हजार र पूँजीगततर्फ रू. ६९ लाख ८० हजार खर्च भई जम्मा रू. २ करोड २३ लाख ७४ हजार खर्च भएको छ। समग्रमा प्रदेश लोक सेवा आयोगबाट कूल विनियोजनको २३.४७ प्रतिशत खर्च भएको छ।

### ६.२.२ प्रमुख उपलब्धि

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा प्रदेश लोक सेवा आयोगबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- सीप परीक्षण तथा कम्प्युटर प्रयोगात्मक परिक्षा सञ्चालनार्थ प्रयोगशाला व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ।
- आयोगलाई सुविधा सम्पन्न बनाउन आवश्यक पर्ने मेसिनरी औजार र फर्निचर तथा फिक्चर्स जडान गर्ने कार्य अन्तिम चरणमा रहेको छ।
- आयोगका अन्तर्वार्ता तथा अन्य बैठक सञ्चालन गर्न बैठक हल व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ।
- पुस्तकालय व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको छ।

## ६.३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### ६.३.१ वित्तीय विवरण

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | | | पूँजीगत | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | प्रदेश | सशर्त | जम्मा | प्रदेश | सशर्त | जम्मा | |
| विनियोजन | ८९१९९ | २७४६०० | ३६३७९९ | १०४२८२५ | ४३६०० | १०८६४२५ | १४५०२२४ |
| खर्च | ३०६४४ | २३३५६ | ५४००० | १३६५ | १८४६ | ३२११ | ५७२११ |
| खर्च प्रतिशत | ३४.३५ | ८.५१ | १४.८४ | ०.१३ | ४.२३ | ०.३ | ३.९४ |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा चालु आर्थिक वर्षको लागि कूल रू. १ अर्ब ४५ करोड २ लाख २४ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. ३६ करोड ३७ लाख ९९ हजार र पूँजीगततर्फ रू. १ अर्ब ८ करोड ६४ लाख २५ हजार रहेको छ। विनियोजन गरिएको कूल बजेट मध्ये संघीय सशर्तबाट रू. २७ करोड ४६ लाख र बाँकी बजेटको स्रोत प्रदेश सरकार रहेको छ। विनियोजित रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ५ करोड ४० लाख र पूँजीगततर्फ रू. ३२ लाख ११ हजार गरी कूल रू. ५ करोड ७२ लाख ११ हजार खर्च भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कूल विनियोजनको ३.९४ प्रतिशत रकम खर्च भएको छ।

### ६.४.२ प्रमुख उपलब्धि

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

#### ६.४.२.१ कानुन निर्माण तथा बहस पैरवी

- प्रदेश पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि नियमावलीमा संशोधन गरिएको।
- प्रदेश कर्मचारी सरुवा तथा काज सम्बन्धी कार्यविधि संशोधन गरिएको।
- प्रदेश सुशासन नियमावली, २०७८ को मस्यौदा तयार गरी परामर्श माग गर्ने कार्य भएको।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यविधिका लागि मस्यौदा समिति गठन भई मस्यौदा गर्ने कार्य भैरहेको।

#### ६.४.२.२ अन्य विविध

- समीक्षा अवधिमा दिपायलमा निजामती सन्तती आवासीय विद्यालयको भवन निर्माण गर्ने कार्यको ९७.२७ प्रतिशत भौतिक र ९५ प्रतिशत वित्तीय प्रगति भई सम्पन्न हुने चरणमा रहेको छ। चालु आर्थिक वर्षमा शोही विद्यालयको अर्को भवन निर्माण गर्न रु. ५ करोड विनियोजन भएकोमा सो

कार्यक्रम कार्यान्वयन गर्न सामाजिक विकास मन्त्रालयमार्फत शिक्षा विकास निर्देशनालयलाई अख्तियारी प्रदान गरिएको।

- नेपाल सरकारबाट प्राप्त हुने समपूरक र विशेष अनुदानको लागि राष्ट्रिय योजना आयोग समक्ष प्रस्ताव पेश गरिएको।
- प्रदेश मन्त्रालयस्तरीय समन्वय कार्यशाला गोष्ठी आयोजना गरिएको।
- प्रदेश सरकारबाट सञ्चालित केहि योजना/आयोजना/कार्यक्रमहरुको अनुगमन गरिएको।
- समीक्षा अवधिमा प्रदेशका विभिन्न ११ वटा स्थानीय तहका ३४३ जनालाई स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन सम्बन्धी तथा वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना सम्बन्धि अभिमुखीकरणकरण प्रदान गरेको।
- समीक्षा अवधिमा विभिन्न ४ ठाउँमा २५१ जनालाई लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धि तालिम सञ्चालन गरेको।
- प्रदेशस्तरमा कर्मचारी र प्रतिनिधिको क्षमता विकास सम्बन्धी कार्यक्रम (सेवाकालीन तालिम सहित) ४ पटक सञ्चालन गरिएको। जसबाट १२४ जना सहभागी लाभान्वित भएका छन्।
- स्थानीय तहका कर्मचारी र प्रतिनिधिको क्षमता विकास सम्बन्धि कार्यक्रम (सेवाकालीन तालिमसहित) ६ पटक सञ्चालन गरिएको छ, जसबाट २९० जना लाभान्वित भएका छन्।

## ६.४. आर्थिक मामिला मन्त्रालय

### ६.४.१ वित्तीय विवरण

आर्थिक मामिला तथा योजना मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | | पूँजीगत | | कूल जम्मा |
|---|---|---|---|---|---|
| | प्रदेश | जम्मा | प्रदेश | जम्मा | |
| विनियोजन | २१७८८६ | २१७८८६ | ८५४३७ | ८५४३७ | ३०३३२३ |
| खर्च | २९९२३ | २९९२३ | २५०६ | २५०६ | ३२४२९ |
| खर्च प्रतिशत | १३.७३ | १३.७३ | २.९३ | २.९३ | १०.६९ |

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल ३० करोड ३३ लाख २३ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. २१ करोड ७८ लाख ८६ हजार र पूँजीगततर्फ रू. ८ करोड ५४ लाख ३७ हजार विनियोजन गरिएको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये समीक्षा अवधिमा चालुतर्फ रू. २ करोड ९९ लाख २३ हजार र पूँजीगततर्फ रू. २५ लाख ६ हजार खर्च भई कूल रू. ३ करोड २४ लाख २९ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट कूल विनियोजनको १०.६९ प्रतिशत खर्च भएको छ।

### ६.४.२ प्रमुख उपलब्धि

आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो पहिलो ६ महिनाको अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- दार्चुला र बैतडीमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मार्फत बजेट तर्जुमा, कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी तालिम सञ्चालन गरेको।
- विषयगत मन्त्रालयमार्फत माग भई आए बमोजिम कार्यक्रम संशोधन, रकमान्तर, स्रोतान्तर, र विभिन्न ऐन, कार्यविधि, मापदण्डमा राय सहमति प्रदान गर्ने कार्य गरेको।
- भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका पूर्वाधार विकास कार्यालयमार्फत कार्यान्वयन हुने गरी चालु आर्थिक वर्षमा स्वीकृत भएका वार्षिक कार्यक्रमहरु मध्ये सडक र सडक पुलतर्फका ६६ वटा आयोजनाको लागि स्रोत सुनिश्चित गरी वहुवर्षीय ठेक्का बन्दोबस्तीमा लैजानलाई सहमति प्रदान गरिएको।
- संघीय सरकारको विशेष अनुदानमार्फत प्रदेश सरकारलाई प्राप्त सामाजिक विकास मन्त्रालय अन्तर्गतका विभिन्न ५ वटा आयोजनाहरुलाई वहुवर्षीय ठेक्का बन्दोबस्ती मार्फत कार्यान्वयनमा लैजान स्रोत सुनिश्चित गरी सहमति प्रदान गरिएको।
- माननीय आर्थिक मामिला मन्त्रीज्यूको संयोजकत्वमा बजेट कार्यान्वयन अनुगमन निर्देशन समिति गठन गरी बजेट कार्यान्वयनको क्रममा देखिने समस्या समाधान गर्ने कार्य अगाडी बढेको।
- प्रदेश समपुरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम प्रदेशका ८८ वटै स्थानीय तहबाट आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमका लागि प्रस्ताव माग गरिएकोमा ७७ पालिकाहरुबाट प्रस्तावहरु प्राप्त भएको।
- प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत समय र उपलब्धि समेतको सूचकमा आधारित विषयगत मन्त्रालय र आर्थिक मामिला मन्त्रालयका पदाधिकारी र कर्मचारी सहितको अनुगमन मूल्याङ्कन गर्ने कार्य शुरु भएको।
- प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा साझा अधिकार सूचीमा रहेका राजस्व परिचालन, लेखांकन, बाँडफाँट र प्रगति प्रतिवेदनका विषयमा यस मन्त्रालयबाट विभिन्न स्थानीय तहहरुमा अनुगमन गरी समस्या समाधान गर्ने कार्य सुरु भएको।
- सुदूरपश्चिम प्रदेश स्वरोजगार कोषको कार्यकारी निर्देशक नियुक्त गरी एकल महिलाहरुलाई स्वरोजगारमूलक तालिम सञ्चालन गरेको।
- आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन तयार गरी श्रावण १ गते नै भुक्तानी केन्द्रमा पठाइएको।
- प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भई नविकरण नगरेका फर्मले सम्बत् २०७८ साल पौष मसान्तभित्र नविकरण गर्न सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय समक्ष निवेदन दिएमा सो वापत लाग्ने जरिवानाको पाँच प्रतिशत रकम लाग्ने र बाँकी जरिवाना मिनाहा हुने तथा

नियमानुसार लाग्ने नवीकरण दस्तुर लिई नविकरण गर्ने सम्बन्धी प्रस्ताव मिति २०७८/०९/०८ प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम लागु भएको छ।

## ६.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### ६.५.१ वित्तीय विवरण

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | | | पूँजीगत | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | प्रदेश | सशर्त | जम्मा | प्रदेश | सशर्त | जम्मा | |
| विनियोजन | ८५९४३२ | ५२६०० | ९१२०३२ | १०२७७०९ | १७४१०० | १२०१८०९ | २११३८४१ |
| खर्च | २४८७६६ | ८०८१ | २५६८४७ | १९०८१६ | २९३१ | १९३७४७ | ४५०५९४ |
| खर्च प्रतिशत | २८.९५ | १५.३६ | २८.१६ | १८.५७ | १.६८ | १६.१२ | २१.३२ |

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल रू. २ अर्ब ११ करोड ३८ लाख ४१ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. ९१ करोड २० लाख ३२ र पूँजीगततर्फ रू. १ अर्ब २० करोड १८ लाख ९ हजार रहेको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये समीक्षा अवधिमा चालुतर्फ रू. २५ करोड ६८ लाख ४७ हजार र पूँजीगततर्फ रू. १९ करोड ३७ लाख ४७ हजार गरी कूल रू. ४५ करोड ५ लाख ९४ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट कूल विनियोजनको २१.३२ प्रतिशत खर्च भएको छ।

### ६.५.२ प्रमुख उपलब्धि

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो अर्धवार्षिक अवधिमा अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

#### ६.५.२.१ नीतिगत उपलब्धिहरु

- मन्त्रालय र मातहतका निकायहरुको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि क्षेत्रगत रुपमा (उद्योग तथा वाणिज्य, पर्यटन, वन तथा भू संरक्षण) कार्यविधिहरु तयार गरी समयमै मातहत निकायहरुमा पठाइएको।
- विभिन्न आयोजना निर्माण प्रयोजनार्थ तयार भएको २ वटा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) तथा १२ वटा कार्यसूची (ToR) स्वीकृत भएको ।
- विभिन्न ४ वटा नियमावलीहरु (वन नियमावली, पर्यटन नियमावली, वातावरण नियमावली र औद्योगिक व्यवसाय नियमावली) तर्जुमा गर्नका लागि समिति तथा उपसमितहरु गठन भई नियमावलीहरुको मस्यौदा तयार भएको।

### ६.५.२.२ उद्योग तथा वाणिज्य

**(क) उद्योग दर्ता**

समीक्षा अवधिमा विभिन्न क्षेत्रका जम्मा ६ हजार २ सय २० वटा निम्नानुसारका उद्योगहरु दर्ता भएका छन्।

| सि नं | उद्योगको किसिम | दर्ता विवरण | | |
|---|---|---|---|---|
| | | ईकाई | दर्ता संख्या | कैफियत |
| १ | उत्पादनमूलक | वटा | ३८६ | |
| २ | कृषि तथा वनजन्य | वटा | ४४२१ | |
| ३ | निर्माण (पुर्वाधार) | वटा | ५ | |
| ४ | पर्यटन | वटा | ९२ | |
| ५ | सुचना प्रविधि | वटा | १२ | |
| ६ | सेवामूलक | वटा | १३०४ | |
| **कुल जम्मा** | | | ६२२० | |

**(ख) उद्यमशिलता सम्बन्धी तालिम**

समीक्षा अवधिमा घरेलु तथा साना उद्योग कार्यालयहरु मार्फत प्रदेश अन्तर्गतका ९ जिल्लाहरुमा विभिन्न किसिमका उद्यमशिलता सम्बन्धी जम्मा ५७ वटा तालिमहरु सञ्चालन भएका छन्। जसबाट महिला ७४४ जना र पुरुष २७६ जना गरी कुल १०२० जना व्यक्तिहरु लाभान्वित भएका छन्।

**(ग) बजार अनुगमन**

उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र ९ वटै घरेलु तथा साना उद्योग कार्यालयहरुबाट गरी प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुका विभिन्न व्यापारिक फर्महरुमा जम्मा ९४ पटक बजार अनुगमन गरिएको छ।

**(घ) उपभोक्ता हक अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम**

दार्चुला, बैतडी, डोटी, बाजुरा र अछाम जिल्लाका १/१ स्थानीय तहमा गरी जम्मा ५ वटा स्थानीय तहहरुमा उपभोक्ता हक अधिकार सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न गरिएको।

**(ङ) राजस्व आम्दानी**

समीक्षा अवधिमा उद्योग दर्ता, नवीकरण लगायतका कार्यहरुबाट जम्मा रु २ करोड २० लाख ६२ हजार राजस्व आम्दानी भएको छ।

### ६.५.२.३ पर्यटन

**(क) धार्मिक पर्यटन पूर्वाधार निर्माण**

समीक्षा अवधिमा प्रदेशका विभिन्न १० वटा (बझाङ्गमा ३ र डोटीमा ७) स्थानमा धार्मिक पर्यटकीय पूर्वाधार निर्माण गर्ने कार्य सम्पन्न भईसकेको र अन्य विभिन्न ९८ स्थानमा उपभोक्ता समिति गठन भई उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भई रहेको छ।

**(ख) पर्यटकीय पार्क निर्माण**

समीक्षा अवधिमा प्रदेशका विभिन्न ८ स्थानमा उपभोक्ता समिति गठन भई उपभोक्ता समिति मार्फत पर्यटकीय पार्क निर्माण गर्ने कार्य सञ्चालन भैरहेको छ।

**(ग) पर्यटकीय पदमार्ग निर्माण**

समीक्षा अवधिमा बझाङ्गमा एउटा पर्यटकीय पदमार्ग निर्माण गर्ने कार्य सम्पन्न भईसकेको छ। अन्य विभिन्न ४२ स्थानमा उपभोक्ता समितिमार्फत कार्य सञ्चालन भैरहेको।

**(घ) भ्यू टावर निर्माण**

विभिन्न ३ स्थानमा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भईरहेको छ।

**(ङ) अतिथि गृह तथा आश्रम निर्माण**

डिभिजन बन कार्यालय, बझाङ्ग मार्फत बझाङ्गमा एउटा स्थानमा अतिथि गृह तथा आश्रम निर्माण गर्ने कार्य सम्पन्न भई सकेको र बाँकी विभिन्न ११ स्थानमा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भई रहेको छ।

**(च) अन्य पर्यटकीय पूर्वाधार निर्माण**

विभिन्न ३ स्थानमा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भैरहेको छ।

**(छ) विमानस्थल मर्मत सम्भार**

कञ्चनपुर जिल्लास्थित मजगाउँ विमानस्थलको मर्मत सम्भारको कार्य सञ्चालनार्थ संघ सरकार, प्रदेश सरकार र स्थानीय तहबीच भएको त्रिपक्षीय समझदारी बमोजिम प्रदेश सरकारको तर्फबाट व्यहोर्नु पर्ने रकम रु. ८ करोड ७५ लाख संघीय सरकारको खातामा जम्मा गरिएको छ।

### ६.५.२.४ वन तथा वातावरण

**(क) नर्सरी मर्मत**

समीक्षा अवधिमा डिभिजन बन कार्यालयहरु मार्फत प्रदेशका विभिन्न १२ स्थानमा रहेका नर्सरीहरुको मर्मत कार्य सम्पन्न भएको छ।

**(ख) विरुवा उत्पादन**

समीक्षा अवधिमा डिभिजन वन कार्यालय दार्चुलाद्वारा १० हजार ३ सय गोटा बहुउद्देश्यीय विरुवा उत्पादन गरेको र अन्य डिभिजन वन कार्यालयहरुद्वारा विरुवा उत्पादन कार्यको शुरुवात गरेको छ।

**(ग) वृक्षारोपण**

डिभिजन वन कार्यालय धनगढी कैलालीद्वारा ४० हेक्टर, डिभिजन वन कार्यालय पहलमानपुर कैलालीद्वारा ११ हेक्टर र डिभिजन वन कार्यालय बझाङ्गद्वारा ४ हेक्टर गरी जम्मा ५५ हेक्टर क्षेत्रफल खाली वन क्षेत्रमा विभिन्न प्रजातिका विरुवाहरु वृक्षारोपण कार्य सम्पन्न भएको छ।

**(घ) वन अतिक्रमण नियन्त्रण**

डिभिजन वन कार्यालय धनगढी कैलालीद्वारा ५ हेक्टर, डिभिजन वन कार्यालय पहलमानपुर कैलालीद्वारा ८ हेक्टर र डिभिजन वन कार्यालय कञ्चनपुरद्वारा ५ हेक्टर गरी जम्मा १८ हेक्टर अतिक्रमित वन क्षेत्र खाली गरी संरक्षण गरिएको छ।

**(ङ) वन तथा वन्यजन्तु अपराध सम्बन्धी मुद्धा दायरी**

विभिन्न डिभिजन वन कार्यालयहरुमा जम्मा २३ वटा वन अपराधका घटनामा संलग्न व्यक्तिहरु उपर सम्बन्धित अदालतमा मुद्धा दायर गरिएको छ।

**(च) सामुदायिक वन गठन तथा हस्तान्तरण**

समीक्षा अवधिमा डिभिजन बन कार्यालय बझाङ्गले ३ वटा, डिभिजन बन कार्यालय अछामले २ वटा, डिभिजन वन कार्यालय डडेलधुराले १ र डिभिजन बन कार्यालय कैलालीले १ गरी जम्मा ७ वटा सामुदायिक वन समूह गठन गरी वन क्षेत्र हस्तान्तरण गरिएको छ।

**(छ) सामुदायिक वनको कार्ययोजना नवीकरण**

चालु आर्थिक वर्षको समीक्षा अवधिमा म्याद समाप्त भएका विभिन्न ५० वटा सामुदायिक वनहरुको कार्ययोजना नवीकरण कार्य सम्पन्न भएको छ।

**(ज) जडिबुटी खेती विस्तार**

समीक्षा अवधिमा प्रदेशका विभिन्न स्थानमा ५ हेक्टर क्षेत्रफलमा जडिबुटी खेती विस्तार कार्य सम्पन्न भएको छ।

**(झ) तालिम तथा गोष्ठि**

- आर्थिक वर्ष २०७७/७८ मा स्थगित वन रक्षक/गेमस्काउट, सिनियर गेमस्काउट र फरेष्टरस्तरीय वन सम्बन्धी आधारभूत सेवाकालीन तालिम (३० कार्य दिने मध्ये बाँकी रहेको १० दिन) सम्पन्न भएको छ। यस तालिममा वन रक्षक/गेमस्काउट, सिनियर गेमस्काउट र फरेष्टर गरी जम्मा २० जनाको सहभागिता रहेको थियो।
- समीक्षा अवधिमा २३ जना रेञ्जर/अधिकृत स्तरका कर्मचारीहरुलाई रेञ्जर/अधिकृत स्तरीय कानूनी कार्यविधि तर्जुमा सम्बन्धी ७ दिने तालिम सम्पन्न भएको छ।
- समीक्षा अवधिमा २१ जना रेञ्जर/अधिकृत स्तरका कर्मचारीहरुलाई ७ दिने R-Software सम्बन्धी तालिम सम्पन्न भएको छ।
- समीक्षा अवधिमा २८ जना वन रक्षक/गेमस्काउट, सिनियर गेमस्काउट र फरेष्टरहरुलाई ३० कार्य दिनको वन सम्बन्धी आधारभूत सेवाकालिन तालिम सम्पन्न भएको छ।

**(ञ) काठ निकासी**

समीक्षा अवधिमा डिभिजन बन कार्यालयहरु मार्फत विभिन्न प्रजातिका ३ लाख ७९ हजार ६ सय ३८ क्यूविक फिट काठ व्यापारिक प्रयोजनका लागि बाह्य निकासी भएको छ।

**(ट) दाउरा निकासी**

डिभिजन बन कार्यालय, कैलाली, कञ्चनपुर र पहलमानपुर मार्फत यस अवधिमा विभिन्न प्रजातिका १ हजार ४१ चट्टा दाउर निकासी भएको छ।

**(ठ)) जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार निकासी**

समीक्षा अवधिमा विभिन्न प्रजातिका ५ लाख ३८ हजार ७ सय ३२ के.जी. जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको निकासी भएको छ।

**(ड) राजस्व आम्दानी**

समीक्षा अवधिमा वन पैदवार विक्रि वितरणबाट रु. ७ करोड ७० लाख २ हजार ९सय ९७ राजस्व आम्दानी प्राप्त भएको छ।

**६.५.२.५ भू-संरक्षण**

**(क) पहिरो नियन्त्रण**

भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत समीक्षा अवधिमा यस प्रदेश भित्रका विभिन्न १८ स्थानमा पहिरो नियन्त्रण गर्ने कार्य सम्पन्न भईसकेको र अन्य ६० स्थानमा उपभोक्ता समिति गठन भै उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भईरहेको छ।

**(ख) नदि किनार संरक्षण/तटबन्ध**

समीक्षा अवधिमा विभिन्न १६ स्थानमा नदी नियन्त्रण/तटबन्ध गर्ने कार्य सम्पन्न भईसकेको र अन्य ८४ स्थानमा उपभोक्ता समिति गठन भै उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भईरहेको छ।

**(ग) संरक्षण/रिचार्ज पोखरी**

चालु आर्थिक वर्षको पौष मसान्तसम्म प्रदेशका विभिन्न ८ स्थानमा उपभोक्ता समिति गठन भै उपभोक्ता समिति मार्फत संरक्षण तथा रिचार्ज पोखरी निर्माण गर्ने कार्य सञ्चालन भईरहेको छ।

**(घ) पानी मुहान संरक्षण**

समीक्षा अवधिमा २ स्थानमा पानी मुहान संरक्षण गर्ने कार्य सम्पन्न भई सकेको र अन्य १९ स्थानमा उपभोक्ता समिति गठन भै उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भई रहेको छ।

**(ङ) सिंचाई कुलो निर्माण**

विभिन्न ३ स्थानमा उपभोक्ता समिति गठन भै उपभोक्ता समिति मार्फत कार्य सञ्चालन भईरहेको छ।

**(च) सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन**

भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु मार्फत समीक्षा अवधिमा १ स्थानमा सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने कार्य सम्पन्न भएको र अन्य २ स्थानमा कार्य सञ्चालन भईरहेको छ।

## ६.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### ६.६.१ वित्तीय विवरण

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | | | | पूँजीगत | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | जम्मा | प्रदेश | समानीकरण | जम्मा | |
| विनियोजन | २०७९१२६ | १९६८१९ | ३०२४०० | २५७८३४५ | १७१८११ | ८५५०० | २५७३११ | २८३५६५६ |
| खर्च | २८४०५० | १४७१५ | १४१६९ | ३१२९३४ | ३०६१४ | ० | ३०६१४ | ३४३५४८ |
| खर्च प्रतिशत | १३.६६ | ७.४८ | ४.६९ | १२.१४ | १७.८२ | ०.०० | ११.९० | १२.१२ |

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल रू. २ अर्ब ८३ करोड ५६ लाख ५६ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. २ अर्ब ५७ करोड ८३ लाख ४५ हजार र पूँजीगततर्फ रू. २५ करोड ७३ लाख ११ हजार रहेको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ३१ करोड २९ लाख ३४ हजार र पूँजीगततर्फ रू. ३ करोड ६ लाख १४ हजार गरी कूल रू. ३४ करोड ३५ लाख ४८ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट विनियोजनको १२.१२ प्रतिशत खर्च भएको छ।

### ६.६.२ प्रमुख उपलब्धि

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो पहिलो ६ महिनाको अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

#### ६.६.२.१ कृषि तथा पशुपंक्षी

- सुदूरपश्चिम प्रदेशको कृषि क्षेत्रको गौरवको आयोजनाको रुपमा अगाडी बढाइएको "**मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम**" अन्तर्गत समीक्षा अवधिसम्म ८८ स्थानीय तहमा २८० वटा नमूना गाँउ स्थापना भई विभिन्न बाली तथा पशुपंक्षीमा व्यवसायीकरणको शुरुवात भएको छ। यस कार्यक्रमबाट करिब ४ लाख मेट्रिक टन फलफुल, तरकारी, आलु तथा पशुजन्य उत्पादन भएको छ।
- रासायनिक मलमा अनुदान कार्यक्रम अन्तर्गत साल्ट ट्रेडिङ कम्पनी लिमिटेडसँग सम्झौता भई कार्यक्रम अगाडी बढेको छ। नेपाल सरकारबाट स्वीकृती लिई आयात गरी बिक्रि वितरण गर्दै आएको गैर अनुदानित रासायनिक मलहरु एमोनियम सल्फेट, सिंगल सुपर फस्फेट बोरोन सहित, सिंगल सुपर फस्फेट जिंक सहितको रासायनिक मलहरु सहुलियत दरमा वितरण गर्ने उद्देश्यले

सञ्चालनमा रहेको यो कार्यक्रम मार्फत करिब ४ हजार मेट्रिक टन मल विक्री वितरण गर्दा यस प्रदेशको मल अभावलाई केहि हदसम्म पूर्ति गर्न सहयोग पुगेको छ।

- कृषि ऋणको ब्याज, भन्सार शुल्क तथा विद्युत महशुलमा अनुदान कार्यक्रम कार्यान्वयन गर्न सुचना प्रकाशन भई प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी योग्य आवेदकहरुलाई ऋण स्वीकृतिका लागि बैङ्क तथा वितिय संस्थालाई सिफारिस गरिएकोमा ४२ वटा आवेदकसँग ब्याज अनुदानका लागी सम्झौता भएको छ। यस कार्यक्रम पुर्ण कार्यान्वयनबाट करिब १ खर्ब रुपैया बराबरको कृषि क्षेत्रमा लगानी भित्र्याउने लक्ष्य रहेको छ।
- करिव २०० हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा विस्तार गर्न चालु आर्थिक वर्षमा स्वीकृत भई कृषि ज्ञान केन्द्रहरु मार्फत कार्यान्वयन हुने १५० वटा साना सिंचाई आयोजना निर्माण गर्न उपभोक्ता समितिहरुसँग सम्झौता गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- बगर खेति कार्यक्रम अन्तर्गत कम्तिमा १०५ हेक्टर क्षेत्रफलमा लहरे तरकारी खेति गरी १५०० मेट्रिक टन तरकारी उत्पादन गरी कम्तिमा ३ करोड आम्दानी गर्ने लक्ष्य अनुरुप कैलाली र कञ्चनपुरका विभिन्न २३ वटा सीमान्तकृत तथा विपन्न कृषक समुहसँग सम्झौता भई बगर खेती गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- मत्स्य विकास केन्द्र गेटा मार्फत कार्यान्वयन हुने ह्याचलिङ,फिङ्गरलिङ उत्पादन तथा वितरण गर्ने कार्यक्रम अन्तर्गत १ करोड ७१ लाख ह्याचलिङ, ८ लाख ९७ हजार स्टयाण्डर्ड फिङ्गरलिङ र २ लाख ८४ हजार एडभान्स फिङ्गरलिङ उत्पादन गरी तथा विक्री वितरण गर्ने कार्य सम्पन्न हुने चरणमा पुगेको छ।
- पशुपंक्षी खोप कार्यक्रम अन्तर्गत लम्कीचुहा र धनगढी उपमहानगरपालिका अन्तर्गत ३६७७ परिवारका १३ हजार पशु वस्तुमा खोरेत खोप सञ्चालन भई सकेको छ।

### ६.६.२.२ बहुवर्षीय तथा क्रमागत आयोजना तथा कार्यक्रम

- चालु आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गत आर्थिक वर्ष २०७७/७८ मा रु. १ करोड ११ लाखमा बहुवर्षीय ठेक्का बन्दोबस्ती अन्तर्गत ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको कृषि ज्ञान केन्द्र, कैलालीको भवन निर्माण कार्य चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म ४५ प्रतिशत भौतिक प्रगति भएको छ।
- चालु आर्थिक वर्षको जेठमा सम्पन्न हुने गरी गत आर्थिक वर्ष २०७७/७८ मा रु. २ करोड ८ लाख ४८ हजार मा बहुवर्षीय ठेक्का बन्दोबस्ती अन्तर्गत ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको मत्स्य विकास केन्द्र, गेटाको भवन निर्माण कार्यको चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म ६५ प्रतिशत भौतिक प्रगति भएको छ।
- भजनी नगरपालिकाको राजीवस्ती, वेदकोट नगरपालिकाको धरमपुर र डोटीको दिपायल सिलगढी नगरपालिकामा ३ वटा ठेक्का मार्फत कार्यान्वयन निर्माण भइरहेको मुख्यमन्त्री एकीकृत बस्ती

विकास कार्यक्रम चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र सम्पन्न हुने छ। यस कार्यक्रमको भौतिक प्रगति समीक्षा अवधिसम्म ७० प्रतिशत भएको छ।

- टिकापुर कृषि क्याम्पस भित्र चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र सम्पन्न हुने गरी रु. १ करोड १२ लाख ८ हजारमा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको उच्च प्रजनन दरको दुधालु भैसीको प्रदेशस्तरिय आनुवांशिक फारम स्थापना अन्तर्गत गोठ, दाना, घासपात राख्ने घर र पानीको लागि Deep Boring गर्ने कार्य द्रुत गतिमा अगाडी बढेको छ। चालु आर्थिक वर्षको समीक्षा अवधिसम्म यस कार्यक्रमको ४५ प्रतिशत भौतिक प्रगति भएको छ।

### ६.७ आन्तरिक मामिला तथा कानून मन्त्रालय

#### ६.७.१ वित्तीय विवरण

आन्तरिक मामिला तथा कानून मन्त्रालयको लागि आर्थिक वर्ष २०७८/७९ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | | | पूँजीगत | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | प्रदेश | सशर्त | जम्मा | प्रदेश | समानीकरण | जम्मा | |
| विनियोजन | १२७१२६ | ५०० | १२७६२६ | १६२५५८ | १३८३८२ | ३००९४० | ४२८५६६ |
| खर्च | ५३५७० | ० | ५३५७० | ६३६४ | ४४०६३ | ५०४२७ | १०३९९७ |
| खर्च प्रतिशत | ४२.१४ | ०. | ४१.९७ | ३.९१ | ३१.८४ | १६.७६ | २४.२७ |

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल ४२ करोड ८५ लाख ६६ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. १२ करोड ७६ लाख २६ हजार र पूँजीगततर्फ रू. ३० करोड ९ लाख ४० हजार विनियोजन गरिएको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ५ करोड ३५ लाख ७० हजार र पूँजीगततर्फ रू. ५ करोड ४ लाख २७ हजार खर्च भई कूल रू. १० करोड ३९ लाख ९७ हजार खर्च भएको छ। समग्रमा यस मन्त्रालयबाट विनियोजनको २४.२७ प्रतिशत खर्च भएको छ।

#### ६.७.२ प्रमुख उपलब्धि

आन्तरिक मामिला तथा कानून मन्त्रालयले चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

#### ६.७.२.१ सुरक्षा

- सुदूरपश्चिम प्रदेश प्रहरीको मुख्यालय भवनको निर्माण कार्य द्रुत गतिमा बढी रहेको।
- भिभिआईपी गाडी खरिद भैसकेको।
- प्रहरी भवन निर्माण क्रमागत योजनाहरुको अख्तियारी सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरुलाई प्रदान गरिएको।
- चालु आर्थिक वर्षमा बजेट विनियोजन भएका ६ वटा प्रहरी चौकीको डिपिआर निर्माणको क्रममा रहेको।
- सामुदायिक प्रहरी साझेदारी कार्यक्रम, प्रदेश प्रहरी क्षमता विस्तार कार्यक्रम र साईबर क्राईम कार्यक्रमको अख्तियारी सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी, कैलालीलाई प्रदान गरेको।
- कारागार सुधार कार्यक्रम र कैदी बन्दीहरुलाई सीपमूलक तालिम प्रदान कार्यक्रमको खर्चको अख्तियारी ९ वटै कारागार कर्यालयहरुलाई प्रदान गरिएको।

### ६.७.२.२ विपद्

- राहत वितरण प्रयोजनार्थ ९ वटै जिल्ला प्रशासन कार्यालयहरुलाई जम्मा रु. २ करोड ४० लाख निकासा गरिएको।

### ६.७.२.३ सञ्चार

- साप्ताहिक प्रदेश डायरी उत्पादन तथा प्रशारण टेलिभिजन कार्यक्रमको नेपाल टेलिभिजन कोहलपुरसँग सम्झौता भई कार्यक्रम प्रशारण भईरहेको।

### ६.७.२.४ कानून

- यस मन्त्रालयले चालु आर्थिक वर्षको अर्धवार्षीक अवधिमा ३ वटा ऐन, १ वटा नियमावली, ३ वटा कार्यविधि, ५ वटा गठन आदेश र १ वटा निर्देशिकाको लागि राय परामर्श तथा सैद्धान्तिक सहमति प्रदान गरेको छ।

### ६.७.२.५ अन्य

- कैलाली, कञ्चनपुर, डोटी, दार्चुला र बझाङ्गमा संवैधानिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको।
- बैतडी र दार्चुलामा लागु औषध नियन्त्रण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।
- बैतडी र दार्चुलामा मानव बेचविखन नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।
- यस प्रदेशका ९ वटै जिल्लामा पत्रकार क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको।

### ६.७.३ वहुवर्षीय आयोजनाहरुको अवस्था

आर्थिक वर्ष २०७७/७८ मा स्रोत सुनिश्चित भई आगामी आर्थिक वर्ष सम्पन्न हुने गरी वहुवर्षीय ठेक्का मार्फत कार्यान्वयन भैरहेका आयोजनाहरुको प्रगति विवरण देहाय बमोजिम छः

| क्र.स. | आयोजना/कार्यक्रमको नाम | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|
| १ | प्रहरी चौकी संुघरखाल, कैलाली भवन निर्माण | २०% | १५% |
| २ | इलाका प्रहरी कार्यालय गड्डाचौकी भवन निर्माण कञ्चनपुर | २०% | १५% |
| ३ | इलाका प्रहरी कार्यालय बुडर, डोटी भवन निर्माण | ४०% | ४५% |
| ४ | इलाका प्रहरी कार्यालय आदर्श (क), डोटी भवन निर्माण | २०% | १५% |
| ५ | इलाका प्रहरी कार्यालय घुघरकोट ठाटि अछाम भवन निर्माण | १०% | ० |
| ६ | प्रहरी चौकी तुर्माखांद,अछाम भवन निर्माण | १०% | २०% |
| ७ | इलाका प्रहरी कार्यालय, स्वामीकार्तिक, बाजुरा भवन निर्माण | २०% | ५% |
| ८ | प्रहरी चौकी कांडा, बाजुरा भवन निर्माण | २०% | ५% |
| ९ | सिमा प्रहरी चौकी सितापुल, दार्चुला भवन निर्माण | २०% | २०% |
| १० | इलाका प्रहरी चौकी पुर्चौडी, बैतडी भवन निर्माण | १०% | १५% |
| ११ | प्रदेश प्रहरी मुख्यालय निर्माण कार्यक्रम | ३५% | ४०% |

## ६.८ भौतिक पूर्वाधार विकास मन्त्रालय

### ६.८.१ वित्तीय विवरण

भौतिक पूर्वाधार विकास मन्त्रालयको पहिलो ६ महिनाको अवधिसम्मको वित्तीय विवरण निम्नानुसार रहेको छ।

(रू. हजारमा)

| विवरण | चालु | | | पूँजीगत | | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | सशर्त | जम्मा | प्रदेश | समानीकरण | सशर्त | विशेष | समपूरक | जम्मा | |
| विनियोजन | ३९०३५२ | ३२६३ | ३९३६१५ | २६०१२०० | ५४८३८६६ | १९१९४०० | १३०९०० | १२२९४०० | ११३६४७६६ | ११७५८३८१ |
| खर्च | १५१३३१ | ० | १५१३३१ | ७११३२ | ४७२३४१ | ३२१४५९ | २६८६ | १४८१५६ | १०१५७७४ | ११६७१०५ |
| **खर्च प्रतिशत** | **३८.७७** | **0.00** | **३८.४५** | **२.७३** | **८.६१** | **१६.७५** | **२.०५** | **१२.०५** | **८.९४** | **९.९३** |

यस मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल रू. ११ अर्ब ७५ करोड ८३ लाख ८१ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. ३९ करोड ३६ लाख १५ हजार र पूँजीगततर्फ रू. ११ अर्ब ३६ करोड ४७ लाख ६६ हजार रहेको छ। मन्त्रालयमा विनियोजित रकम मध्ये समीक्षा अवधिमा चालुतर्फ रू. १५ करोड १३ लाख ३१ हजार र पूँजीगततर्फ रू. १ अर्ब १ करोड ५७ लाख ७४ हजार गरी कूल रू. १ अर्ब १६ करोड ७१ लाख ५ हजार खर्च भएको छ । समग्रमा यस मन्त्रालयबाट विनियोजनको ९.३९ प्रतिशत खर्च भएको छ।

### ६.८.३ प्रमुख उपलब्धि

भौतिक पूर्वाधार विकास मन्त्रालयबाट चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

| कार्य क्षेत्र | मुख्य सूचकहरू | इकाई | उपलब्धिहरु |
|---|---|---|---|
| **सिंचाई क्षेत्र** | सिंचाई आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ४१३ |
| | जमिनको उकास (Reclaim) | हेक्टर | १९५.१ |
| **यातायात पूर्वाधार** | कालोपत्रे सडक | कि.मि. | २१ |
| | खण्डास्मित (ग्रावेल सडक)/माटेसडक | कि.मि. | ४८.५ |
| | सडकपूल निर्माण | गोटा | ५ |
| **सहरी विकास** | जनता आवास योजना अन्तर्गत निर्मित निजि आवास | गोटा | १७१ |
| **खानेपानी** | खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | **जना** | **२२९७२** |
| **यातायात ब्यबस्था** | नयाँ सवारीसाधन दर्ता | गोटा | ११९७९ |
| | कुल राजस्व संकलन | रु. हजारमा | **४३४९६४** |

## ६.९ सामाजिक विकास मन्त्रालय

### ६.९.१ वित्तीय विवरण

सामाजिक विकास मन्त्रालयका लागि आर्थिक वर्ष २०७७/७८ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार देखाइएको छ।

(रू. हजारमा)

| विवरण | चालु | | | | | पूँजीगत | | | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रदेश | समानीकरण | सशर्त | विशेष | जम्मा | प्रदेश | समानीकरण | सशर्त | विशेष | जम्मा | |
| विनियोजन | २०६५७०४ | ४१५९३७ | १३५४४४७ | १२४५०० | ३९६०५८८ | ९४७०५४ | ५२७१६२ | ९३००० | ३५८१०० | १९२५३१६ | ५८८५९०४ |
| खर्च | ६७५४५५ | १४०६६ | २७८१९२ | १८४२२ | ९८६१३५ | १४३२२३ | ७२२०७ | २७६९४ | १९२०९ | २६२३३३ | १२४८४६८ |
| **खर्च प्रतिशत** | ३२.७० | ३.३८ | २०.५४ | १४.८० | २४.९० | १५.१२ | १३.७० | २९.७८ | ५.३६ | १३.६३ | २१.२१ |

सामाजिक विकास मन्त्रालयमा चालु आर्थिक वर्षको लागि कूल रू. ५ अर्ब ८८ करोड ५९ लाख ४ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. ३ अर्ब ९६ करोड ५ लाख ८८ हजार र पूँजीगततर्फ रू. १ अर्ब ९२ करोड ५३ लाख १६ हजार रहेको छ। विनियोजित रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ९८ करोड ६१ लाख ३४ हजार र पूँजीगततर्फ रू. २६ करोड २३ लाख ३३ हजार गरी कूल रू. १ अर्ब २४ करोड ८४ लाख ६७ हजार खर्च भएको छ। चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा सामाजिक विकास मन्त्रालयबाट कूल विनियोजनको २१.२१ प्रतिशत खर्च भएको छ।

### ६.९.२ प्रमुख उपलब्धि

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा मन्त्रालयबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

#### ६.९.२.१ स्वास्थ्य क्षेत्र

- सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टिकापुर अस्पतालमा ५० बेडको कोभिड विशेष अस्पताल निर्माण कार्य सम्पन्न भएको छ ।
- प्रदेश अन्तर्गतका प्रत्येक अस्पतालहरुमा ICU सेवा सञ्चालन गर्ने उद्देश्यले पहिलो पटक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई Pediatric Essential Critical Care सम्बन्धी तालिम प्रदान गरिएको छ।
- HMIS System लाई थप व्यवस्थित र प्रभावकारी बनाउन सोसँग सम्बन्धित आवश्यक पर्ने Recording and Reporting Tools को आपूर्ति तथा वितरणको कार्य सम्पन्न भएको छ।

- आर्थिक रुपले विपन्न बिरामी नागरिक औषधि उपचार आर्थिक सहायता अन्तर्गत १८३ जनालाई आर्थिक सहायता रकम भुक्तानी भईसकेको छ।
- १ जना जटिल प्रसुती महिलालाई हवाई उद्दार गरिएको (के.आई. सिंह गा.पा. - ६ डोटी निवासी २२ वर्षीय लक्ष्मी खड्का)
- कोभिड-१९ संक्रमण व्यवस्थापनका लागि "कोभिड १९ को सम्भावित तेस्रो लहरको महामारीमा बालबालिकासहितलाई हुन सक्ने संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि द्रुत कार्ययोजना" स्वीकृत भएको छ।
- कोभिड-१९ संक्रमण भई जटिल अवस्थामा पुगेका २ जना संक्रमित विरामीहरु (बुङ्गल नगरपालिका बझाङ्गका विमला रावल बोहरा र ध.उ.न.पा. ५ का ५९ वर्षीय डिल्लीराज जैशी) लाई हवाई उद्दार गरिएको।
- ल्याब स्थापना भएका स्थानीय तहमा गई कम्तिमा ७ दिन सोही स्थानमा रही त्यहाँको ल्याब व्यवस्थापन र थप सुधारका लागि Mobile Team खटाइएको जसबाट ल्याबको गुणस्तर वृद्धिमा सहयोग पुगेको छ।
- कोभिड-१९ विरुद्धको खोप सेवा निरन्तर प्रदान भई रहेको छ।
- स्थानीय तहहरुसँगको लागत साझेदारीमा स्वास्थ्य संस्था भवन निर्माण, प्रयोगशाला सामाग्री व्यवस्थापन आदि कार्यक्रमका लागि कार्यविधि तयार भई स्थानीय तहहरुसँग प्रस्ताव आव्हान गरिएको र छनौट कार्य भईरहेको छ।
- प्रदेश अन्तर्गतका प्रत्येक अस्पतालहरुमा अक्सिजन प्लान्टहरु जडान भई रहेका छन्।
- आवश्यक कतिपय औषधि तथा स्वास्थ्यजन्य उपकरणहरु खरिद गरिएका छन् भने कतिपय खरिदको प्रक्रियामा रहेका छन्।
- मुख्यमन्त्री ज्येष्ठ नागरिक र विद्यालय नर्स कार्यक्रम निरन्तर रुपमा सञ्चालन भईरहेको छ।
- स्थानीय तहलाई प्राविधिक सहजीकरणको कार्य निरन्तर अगाडी बढेको छ।
- बाढी प्रभावित क्षेत्रमा स्वास्थ्य शिविर सञ्चालन गरिएका छन्।

### ६.९.२.२ शिक्षा क्षेत्र

- विद्यालय तथा क्याम्पसहरूका शैक्षिक भवन, छात्रावास भवन तथा २ कोठे भवन लगायतका निर्माण कार्यहरूको ठेक्का सम्झौता/ विद्यालय व्यवस्थापन समितिहरूसँग सम्झौता भई निर्माण शुरू भई सकेको छ।
- ९ वटै जिल्लामा विद्यालय तथा क्याम्पसहरूमा सूचना प्रविधि सहित भौतिक संरचना सुधार कार्यक्रम अन्तर्गत विद्यालय/क्याम्पसहरूमा ICT ल्याव निर्माण तथा भौतिक संरचना सुधार कार्यको लागि सम्बन्धित विद्यालय/क्याम्पसहरूसँग सम्झौता भई कार्यक्रम कार्यान्वयन भइरहेको छ।
- शिक्षा तालिम केन्द्रमार्फत शिक्षकहरूको क्षमता विकासका लागि लामो र छोटो अवधिका तालिमहरू सञ्चालन भइ रहेका छन्।

- उच्च शिक्षा सम्बन्धी अध्ययन कार्यदल गठन भई प्रदेशको उच्च शिक्षा सम्बन्धी अध्ययन प्रतिवेदन माघ मसान्तभित्र प्राप्त हुने अवस्था रहेको छ।
- मन्त्रालय र मन्त्रालय मातहतका निकायहरू मार्फत कार्यान्वयन हुने कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत गरी वार्षिक बजेट तथा कार्यक्रममा भएका कार्यक्रम कार्यान्वयन भइ रहेका छन्।
- एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ को पहिलो संशोधन भई चिकित्सा शिक्षा तर्फको MBBS अध्ययन छात्रवृत्तिका लागि विद्यार्थीहरू छनौट गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- सामुदायिक तथा सरकारी विज्ञान वा प्राविधिक विषय पठनपाठन हुने क्याम्पसहरूहरूका लागि प्रोत्साहन अनुदान कार्यक्रम सम्झौताको चरणमा पुगेको छ।
- नमूना क्याम्पसमा स्तरोन्नतिका लागि छनौट भएका क्याम्पसहरूलाई अनुदान प्रदान गर्ने कार्यक्रम सम्झौताको अन्तिम चरणमा पुगेको छ।
- निजामती विद्यालय डोटीको भवन निर्माण सम्बन्धी ठेक्का सम्झौता भई सकेको छ।
- शिक्षा विकास निर्देशनालयबाट SEE परीक्षा केन्द्र भएका विद्यालयहरु, धार्मिक प्रकृतिका विद्यालयहरु र विशेष शिक्षा प्रदान गर्ने विद्यालयहरुमा जाने अनुदानका लागि विद्यालय छनौटको प्रक्रियामा रहेको छ।

### ६.९.२.३ युवा तथा खेलकुद क्षेत्र

- प्रदेश युवा परिषद् र प्रदेश खेलकुद परिषद् गठन भई सञ्चालनमा रहेका छन् र उक्त परिषद्हरुमा कर्मचारी व्यवस्थापनका लागि अस्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अगाडी बढेको छ।
- प्रदेश युवा परिषद् तथा प्रदेश खेलकुद परिषद्बाट आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने र वार्षिक बजेट तथा कार्यक्रमा स्वीकृत भएका कार्यक्रमहरू चौमासिक विभाजन अनुसार कार्यान्वयन भई रहेका छन।

### ६.९.२.४ भाषा तथा संस्कृति क्षेत्र

- चालु आर्थिक वर्ष भित्रै सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालनका लागि आवश्यक तयारी भई रहेको छ।
- वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार भाषा, संस्कृति तथा पुरातत्व संरक्षणसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि तथा निर्देशिकाहरू स्वीकृत भई कार्यक्रम कार्यान्वयन भई रहेका छन्।

### ६.९.२.५ श्रम तथा रोजगार क्षेत्र

- व्यसायिक तथा सीप विकास तालिम केन्द्र, धनगढी र महेन्द्रनगर मार्फत विभिन्न विषयमा छोटो अवधिका तालिम सञ्चालन भई रहेका छन्।
- श्रम बजारको आवश्यकता पहिचान गरी सोही बमोजिम सीपयुक्त जनशक्ति उत्पादन गर्न श्रम तथा रोजगार समितिबाट श्रम बजार तथा रोजगार सम्बन्धमा अध्ययन प्रतिवेदन प्राप्त भएको छ।

### ६.९.२.६ सामाजिक विकास क्षेत्र

- महिला सशक्तिकरण तथा बालबालिका सम्बन्धी कार्यक्रमहरु सञ्चालन भईरहेका छन्।
- "सानै छु म बढ्न देउ, बाल विवाह होइन पढ्न देउ" भन्ने नारा सहितको बाल विवाह सम्बन्धी कार्यक्रम सञ्चालन भई रहेको छ।
- अपाङ्गता सम्बन्धी प्रादेशिक नीति तयार गरी प्ररम्भिक छलफलको क्रममा रहेको छ।
- बालिका बीमा/बैंक खाता कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा बनेको छ।
- "एउटै सृष्टी, सम दृष्टी" कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा तयार भएको छ।

### ६.९.२.७ विशेष अनुदानबाट सञ्चालित आयोजनाहरुको प्रगति विवरण

**(क) बाल तथा मातृ स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम**

- यस मन्त्रालय मातहतका स्वास्थ्य निकायहरुलाई बजेट हस्तान्तरण भई कार्यान्वयनमा रहेको छ।

**(ख) जिल्ला अस्पताल डोटी भवन निर्माण**

- ठेक्का सम्झौता भई निर्माणको चरणमा रहेको छ।

**(ग) लम्कीचुहा सामुदायिक अस्पताल निर्माण**

- ठेक्का भई सकेको छ।

**(घ) कैलाली बहुमुखी क्याम्पस शैक्षिक भवन निर्माण आयोजना**

- ठेक्का भई मूल्याङ्कनको चरणमा रहेको छ।

**(ङ) डोटी बहुमुखी क्याम्पस भवन निर्माण**

- ठेक्का भई मूल्याङ्कनको चरणमा रहेको छ।

## ६.१० प्रदेश नीति तथा योजना आयोग

### ६.१०.१ वित्तीय विवरण

प्रदेश नीति तथा योजना आयोगको लागि आर्थिक वर्ष २०७७/७८ मा विनियोजन गरिएको जम्मा बजेट र पहिलो ६ महिनाको अवधिमा भएको खर्चको विवरण निम्नानुसार छ।

(रू. हजारमा)

| विवरण | चालु | | पूँजीगत | | कूल जम्मा |
|---|---|---|---|---|---|
| | प्रदेश | जम्मा | प्रदेश | जम्मा | |
| विनियोजन | २५०५३ | २५०५३ | ५८१३ | ५८१३ | ३०८६६ |
| खर्च | ६०४६ | ६०४६ | ४८२८ | ४८२८ | १०८७४ |
| खर्च प्रतिशत | २४.१३ | २४.१३ | ८३.०६ | ८३.०६ | ३५.२३ |

प्रदेश नीति तथा योजना आयोगमा चालु आर्थिक वर्षको लागि कूल रू. ३ करोड ८ लाख ६६ हजार विनियोजन गरिएकोमा चालुतर्फ रू. २ करोड ५० लाख ५३ हजार र पूँजीगततर्फ रू. ५८ लाख १३ हजार रहेको छ। विनियोजन गरिएको बजेटको सम्पूर्ण स्रोत प्रदेश सरकार रहेको छ। आयोगमा विनियोजित कूल रकम मध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. ६० लाख ४६ हजार र पूँजीगततर्फ रू. ४८ लाख २८ हजार गरी जम्मा रू. १ करोड ८ लाख ७४ हजार खर्च भएको छ। समग्रमा प्रदेश नीति तथा योजना आयोगबाट कूल विनियोजनको ३५.२३ प्रतिशत खर्च भएको छ।

### ६.१०.२ प्रमुख उपलब्धि

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा प्रदेश नीति तथा योजना आयोगबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त प्रमुख उपलब्धि निम्नानुसार रहेका छन्-

- सुदूरपश्चिम प्रदेश सरकारको योजना तर्जुमा दिग्दर्शन, २०७८ तयार गरी प्रकाशन गरिएको।
- सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको अवधारणा पत्र तयार गरिएको।
- प्रदेश सरकारको चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिको बजेट कार्यान्वयन, आय र खर्च सम्बन्धि समीक्षा गोष्ठी सम्पन्न गरिएको।

## परिच्छेद - ७

## प्रदेश गौरवका आयोजना तथा कार्यक्रम कार्यान्वयनको अवस्था

प्रदेश सरकारबाट सुरु गरेका एवं हाल कार्यान्वयनमा रहेका प्रदेश गौरबका आयोजनाहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ।

### ७.१ प्रदेश गौरबका सडक

### ७.१.१ बेलौरी-कलुवापुर-नायल बुडर सडक

बेलौरी कलुवापुर नायल बुडर सडकले कञ्चनपुर जिल्लाको बेलौरी भन्सार देखि कलुवापुर हुँदै दोमिल्ला, नायलसम्मको क्षेत्रलाई समेटेको छ। यस सडकको कुल लम्बाई ४३ किलोमिटर मध्ये ३८ किलोमिटर सडक खण्डको विस्तृत सम्भाव्यता अध्ययन (DPR) भई १७.४३ किलोमिटर सडक खण्ड कालोपत्रे भई सकेको । हाल निर्माण कार्य भइरहेको ९.१ किलोमिटर मध्ये २२०० मिटर Double Lane कालोपत्रे, ८०० मिटर four Lane कालोपत्रे र बाकी Intermediate Lane निर्माण गर्ने कार्य भईरहेको छ। यो आयोजना आर्थिक वर्ष २०८० को असाढ मसान्तमा सम्पन्न गर्ने गरी द्रुत अगाडी बढीरहेको छ।

### ७.१.२ खप्तड मार्तडी सडक

खप्तड मार्तडी सडक आयोजनाले बाजुरा जिल्लाको सिंगटादेखि काँडा, जयवागेश्वरी, गैराखाद, डोगडी, आटिचौरदेखि मार्तडीसम्मको सडक खण्डलाई समेटेको छ। प्रदेश सरकारवाट आर्थिक वर्ष २०७७/७८ देखि काम भई रहेको यस सडकको जम्मा लम्बाई ७३ कि. मि. रहेकोमा हाल १५ किलोमिटर सडकको ९९ प्रतिशत काम सम्पन्न भई सकेको छ। यस सडक खण्डको बाँकी काम संघीय सरकार र प्रदेश सरकारको सह-लगानीमा समपूरक अनुदान मार्फत वहुवर्षीय ठेक्का सम्झौता मार्फत कार्यान्वयन गर्न ठेक्का आह्वान गरिएको छ। यो आयोजनाको आटिचौर देखि मार्तडी सडकखण्ड जिल्ला सदरमुकाम मार्तडी जोड्ने वैकल्पिक सडकको रुपमा समेत प्रयोगमा आउनेछ।

### ७.१.३ चिसापानी-त्रृषिदह-बडिमालिका सडक

चिसापानी-त्रृषिदह-बडिमालिका सडक अछाम जिल्लाको चिसापानीदेखि जगलघाट, तुर्माखाद, गैरिटाड, कालागाउ, दर्ना, माझेठाना, जयगढ, नन्देगडा, मेल्लेख, सोडषा, श्रृषिदहदेखि बाजुरा जिल्लाको बडिमालीकासम्मको सडक खण्डलाई समेटेको छ। आर्थिक वर्ष २०७७/७८ देखि काम भैरेहको यस सडकको जम्मा लम्बाई २५ किलोमिटर रहेकोमा जंगलघाटदेखि तुर्माखाद हुँदै बासकाँडासम्मको ५ किलोमिटर सडक खण्डमा Track Opening र ग्राभेल गर्ने कार्य सम्पन्न भैसकेको छ। बाँकी सडक खण्डको वातावरणीय परिक्षण स्वीकृत नभएकाले कार्य प्रगति हुन सकेको छैन।

### ७.१.४ भजनी छोटी भन्सार, खिमडी ठुलीगाड सडक

भजनी छोटी भन्सार, खिमडी ठुलीगाड सडक कैलाली जिल्लाको लालबोझी, भजनी, जोशीपुर, बौनिया बजार, फल्ले विसौना, सल्लेरी, रुक्सा, कोल्तडी खिमडी हुदै ठुलीगाड सम्मको भू-भागलाई समेटेर प्रस्ताव गरिएको छ। उक्त सडक खण्डको लालबोझी भजनी खण्ड करिब ५ कि.मि. लम्बाईमा ग्राभेल मात्र भएको छ। विचमा कान्द्रा नदीमा पुल नभएको कारणले आवत जावतमा कठिनाई भएको छ। भजनी देखि जोशीपुर हुदै बौनिया वजार सम्मको करिब २५ कि.मि. सडक खण्ड साविकमा **SNRTP** अन्तर्गत कालोपत्रे **otta seal** भएको र हाल उक्त खण्डको ठाँउ ठाँउमा कालोपत्रे भत्किन गै मर्मत गर्नुपर्ने अवस्था छ। बौनिया वजार देखि फल्लेविसौना तर्फको करिव ३ कि.मि. सडक हाल यस कार्यालयबाट स्तरोन्नती भैरहेको छ। कैलाली जिल्लाका भजनी, जोशीपुर, वर्दगोरिया र मोहन्याल गरी कुल ४ वटा स्थानिय तह जोड्ने यस सडकको कुल लम्बाई ८० कि.मि. रहेको छ। आर्थिक वर्ष २०७९/८० का लागि प्रदेश सरकारले उक्त सडकको फल्लेविसौना देखि खिमडी ठुलिगाड सम्मको भागलाई निर्माण गर्नका लागि संघिय समपुरक कार्यक्रम अन्तरगत प्रस्ताव गरेको छ। उक्त सडक खण्डमा बाक्लो जंगल रहेकोले आवश्यकता अनुसार **IEE/EIA** गर्नु पर्ने देखिन्छ।

### ७.१.५ दैजी लिप्ना जोगबुडा सलौन चिर्किट्टे घटाल पोखरा वेलापुर ढुंगाड देउरा सडक

दैजी लिप्ना जोबुडा सलौन चिर्किट्टे घटाल पोखरा वेलापुर ढुंगाड देउरा सडक आयोजनाले कञ्चनपुर जिल्लाको दैजीदेखि डडेल्धुरा जिल्लाको परशुराम नगरपालिकाका लिप्ना गाईवादे जोगबुडा सलौन कलेना गोगन तथा आलिताल गाउपालिकाको निङ्लाड लगायत महाभारत खण्ड अमरगढी नगरपालिकाको चिरकिट्टे, घटाल, पोखरा र नवदुर्गा गाउपालिकाको असुर्पा, कोटेली, सेरी, वेलापुर, सिरोड तथा बैतडी जिल्लाको ढुंगाड सम्मको सडक खण्डलाई समेटेको छ। प्रदेश सरकारवाट आर्थिक वर्ष २०७५/७६ देखि काम भईरहेको यस सडकको जम्मा लम्बाई १५० किलोमिटर रहेकोमा हाल जोगबुडा गाईवादे ५ किलोमिटर सडकको कालोपत्रेको काम सम्पन्न भैसकेको साथै गाईवादे लिप्ना १२ किलोमिटरको सम्झौता भईसकेको छ। संघ ससर्त अनुदान तर्फ जोगबुडा सलौन खण्डको ४ किलोमिटर कालोपत्रे कार्य सम्पन्न भईसकेको छ। यस सडक सलौन केलेना ५ किलोमिटर ग्राभेलको लागि निर्माणाधिन अवस्थामा रहेको र पोखरा वेलापुर १० किलोमिटर खण्ड कालोपत्रेको लागि ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको छ। यसरी यस कार्यालय अन्तर्गत यस सडकको कुल १५० किलोमिटर मध्ये ३६ किलोमिटर सडक कार्यान्वयनमा रहेको छ। यो आयोजना धनगढी डडेल्धुरा र डडेल्धुरा देउरा (वझाङ्) को वैकल्पिक सडकको रुपमा समेत प्रयोगमा आउनेछ।

### ७.१.६ सहजपुर बोगटान दिपायल सडक

सहजपुर बोगटान दिपायल सडक कैलाली जिल्लाको जिल्लाको सहजपुर देखि डोटी जिल्लाको विपिनगर, अत्तरकाडा, छिडिखान, वोगटान, वायल, रानागाउ, राजपुर, दिपायल सम्मको सडक खण्डलाई समेटेको छ। आर्थिक वर्ष २०७५/७६ देखि काम भैरेहको यस सडकको जम्मा लम्बाई २०५ किलोमिटर रहेकोमा

सहजपुर देखी अत्तरकाडा सम्म ५० किलोमिटर संघिय सरकारको सडक विभागवाट कार्यान्वयन भईरहेको तथा दिपायल देखी रानागाउ सम्म १० किलोमिटर पूर्वाधार विकास कार्यालय डडेल्धुराबाट कालोपत्रेको काम सम्पन्न भैसकेको र रानागाउ देखि वायलसम्म १० किलोमिटर कालोपत्रेको लागि ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको छ। यस सडकको कुल २०५ कि.मि. मध्ये ७० किलोमिटर सडक कार्यान्वयनमा रहेको छ।

### ७.१.७ खलंगा खार देथला परिबगड सडक

खलंगा खार देथला परिबगड सडक आयोजनाले दार्चुला जिल्लाको गोकुले देखि नौगाढ़ हुँदै सदरमुकाम खलंगा सम्मको सडक खण्डलाई समेटेको छ। प्रदेश सरकारवाट आर्थिक वर्ष २०७७/७८ देखि प्रदेश गौरबको योजना अन्तर्गत जम्मा लम्बाई ४८ कि.मि. मध्ये खलंगा देखि दल्लेख खण्ड ८.५ कि.मि. र देथाला देखि नौगाढ़ खण्ड ९ कि.मि गरी जम्मा १७.५ कि. मि. सडक आर्थिक २०७९/८० मा सम्पन्न हुने गरी सडकमा Upgrading (DBST) को काम भईरहेको छ। यस सडकको हाल सम्म ५५ प्रतिशत प्रगति भई सकेको छ। यो सडक खण्ड निर्माण हुदा हाल सञ्चालनमा रहेको गोकुले-खलंगा सदरमुकाम जाने सडक भन्दा २४ कि. मि. छोटो हुने र दार्चुला जिल्लाका नौगाढ़ तथा मार्मा गाउपालिकाका जनता बढी लाभान्वित हुनेछन्। यो आयोजना गोकुले देखि खलंगा सडकखण्डको जिल्ला सदरमुकाम खलंगा जोड्ने वैकल्पीक सडककोरुपमा समेत प्रयोगमा आउनेछ। यस सडक खण्डको बाँकी काम आगामी ३ आर्थिक वर्षमा सम्पन्न गर्ने गरी चालु आर्थिक वर्षमा स्रोत सुनिश्चित गरिएको छ।

### ७.१.८ सतबाझ श्रीभावर हाट-दार्चुला सडक

सतबाझ श्रीभावर हाट-दार्चुला सडक आयोजनाले बैतडी जिल्लाको सतबाज देखि श्रीभावर, हाट हुँदै दार्चुला सम्मको सडक खण्डलाई समेटेको छ। प्रदेश सरकारवाट आर्थिक वर्ष २०७७/७८ देखि प्रदेश गौरबको योजना अन्तर्गत जम्मा लम्बाई करिब ८५ कि.मि. मध्ये सतबाज-श्रीभावर खण्ड ६ कि.मि. र श्रीभवर हाट खण्ड ८.५ कि.मि गरी जम्मा १४.५ कि. मि. सडक आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुनेगरी सडकमा Upgrading (DBST) को काम भईरहेको छ। यस सडकको हाल सम्म ५० प्रतिशत प्रगति भई सकेको छ। यो सडक खण्ड निर्माण हुदा बैतडी जिल्लाका सुर्नाया, डिलासैनी गाउँपालिका र पुर्चौडी नगरपालिका, दार्चुला जिल्लाको मार्मा गाउपालिकाका जनता बढी लाभान्वित हुने छन्। यस सडक खण्डको बाँकी काम आगामी ३ आर्थिक वर्षमा सम्पन्न गर्ने गरी चालु आर्थिक वर्षमा स्रोत सुनिश्चित गरिएको छ।

### ७.१.९ पातीहाल्ला तल्कोट सैपाल हुम्ला सडक

पातीहाल्ला तल्कोट सैपाल हुम्ला सडकले डोटी जिल्लाको सिमानाबाट बझाङ्ग हुँदै हुम्लाको सीमाना जोडिने लक्ष्य राखेको छ। बझाङ्ग जिल्लाको थलारा, खप्तडछान्ना, जयपृथ्वी, मास्टा, तल्कोट तथा साइपाल गाउँपालिकालाई सडक संजालमा समेटेको यो सडकको कुल लम्बाई करिब ९५ कि.मि रहेको छ। यो आयोजनाको निर्माण सम्पन्न भएपछी डोटी-बझाङ्ग-जुम्ला जिल्ला जोड्ने वैकल्पिक सडकको रुपमा समेत

प्रयोगमा आउनेछ। हाल पातीहाल्ला तल्कोट सैपाल हुम्ला सडक अन्तर्गत **पानकोट — जडार खण्ड** १४ किलोमिटरमा प्रदेश सरकारबाट बजेट विनियोजन भै आर्थिक वर्ष २०७६/७७ मा वहुवर्षीय ठेक्का सम्झौता भई करिब ६० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। उक्त सडकखण्डको स्तरोन्नती कार्य अन्तर्गत बाटोको चौडाई बढाउने तथा सरचना निर्माणका कार्यहरु भई रहेको छ। यो सडक निर्माण पश्चात् बझाङ्ग जिल्ला सदरमुकाम चैनपुरलाई खप्तडछान्ना र थलारा गाउँपालिका पुग्ने वैकल्पिक छोटो मार्गको रुपमा प्रयोग समेत हुने देखिन्छ।

# परिच्छेद - ८

## खर्च र स्रोत परिचालनको संशोधित अनुमान र आधार

### ८.१ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०७८/७९ को लागि कूल विनियोजन रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार रहेको छ । जसमध्ये पहिलो ६ महिनाको अवधिमा चालुतर्फ रू. २ अर्ब ५० करोड १ लाख ६१ हजार अर्थात् विनियोजनको तुलनामा २०.१९ प्रतिशत र पूँजीगततर्फ रू. १ अर्ब ५७ करोड २० लाख ७२ हजार अर्थात् विनियोजनको तुलनामा ८.९० प्रतिशत यथार्थ खर्च भएको छ। अघिल्लो आर्थिक २०७७/७८ को सोहि अवधिमा चालुतर्फ रु. २ अर्ब २९ करोड २५ लाख ७४ हजार अर्थात् विनियोजनको तुलनामा १४.०५ प्रतिशत र पूँजीगततर्फ १ अर्ब ९८ करोड ५८ लाख १९ हजार अर्थात् विनियोजनको तुलनामा ११.५८ प्रतिशत खर्च भई कूल ४ अर्ब २७ करोड ८३ लाख ९३ हजार अर्थात् विनियोजनको तुलनामा १२.८२ प्रतिशत खर्च भएको थियो ।

चालु आर्थिक वर्षको अन्त्यसम्ममा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको अवस्था निम्नानुसार रहने संशोधित अनुमान रहेको छ।

(रू. हजारमा)

| विवरण | आर्थिक वर्ष २०७७/७८ | | | आर्थिक वर्ष २०७८/७९ | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | पौषसम्मको खर्च | खर्च प्रतिशत | सुरु विनियोजन | पौषसम्मको खर्च | पौषसम्मको खर्च प्रतिशत | संशोधित अनुमानित खर्च | संशोधित अनुमानित खर्च प्रतिशत |
| चालु खर्च | १६३२२८६० | २२९२५७४ | १४.०५ | १२३८५४०३ | २५००१६१ | २०.१९ | ११६९९५९२ | ९४.४६ |
| पूँजीगत खर्च | १६७५८४८८ | १९८५८१९ | ११.८५ | १७६५४०५२ | १५७२०७२ | ८.९० | १७३५३४७४ | ९८.३० |
| वित्तीय व्यवस्था | ३०००००० | ० | ० | ३०००००० | ० | ०.०० | ३०००००० | १००.०० |
| **जम्मा** | **३३३८१३४८** | **४२७८३९३** | **१२.८२** | **३०३३९४५५** | **४०७२२३३** | **१३.४२** | **२९३५३०६६** | **९६.७५** |

### ८.१.१ खर्च संशोधनका आधार

अघिल्लो आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा यथार्थ खर्च कूल विनियोजनको ७२.४९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको अन्त्यसम्म ९६.७५ प्रतिशत खर्च हुने गरी खर्चको संशोधित अनुमान गरिएको छ। खर्चको अनुमान संशोधन गर्दा अघिल्लो आर्थिक वर्षको यथार्थ खर्च, चालु आर्थिक वर्षको पहिलो ६ महिनाको खर्चका अतिरिक्त निम्नानुसारका आधारहरू लिइएको छः-

क. धेरैजसो ठूला विकास निर्माणका कार्यक्रम तथा आयोजनाको ठेक्का सम्झौता लगायतका कार्यहरू पहिलो अर्धवार्षिक अवधिमा सम्पन्न भई कार्यान्वयनमा गैसकेकाले आगामी दिनमा खर्चमा वृद्धि हुने देखिन्छ।

ख. अघिल्लो आर्थिक वर्षमा ठेक्का सम्झौता भई कोभिड–१९ का कारण निर्धारित समयमा कार्यसम्पन्न हुन नसकी म्याद थप गरिएका अधुरा आयोजनाका लागि चालु आर्थिक वर्षमा पनि बजेट विनियोजन गरिएकोले थप खर्च बढ्ने देखिन्छ।

ग. भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका ६६ वटा आयोजनाको लागि बहुवर्षीय कार्यक्रमको रूपमा सञ्चालन गर्ने गरी सहमति प्रदान गरी उल्लेखित आयोजनाहरू तीव्र गतिमा कार्यान्वयन भइरहेको हुँदा सोको लागि सिर्जित दायित्वले गर्दा खर्च वृद्धि हुने देखिन्छ।

घ. स्वीकृत एकमुष्ट बजेट तथा कार्यक्रमको बाँडफाँट गरी सम्बन्धित खर्च गर्ने इकाईहरूमा पठाई सकिएकोले आगामी दिनमा कार्यक्रम कार्यान्वयनमा तीव्रता आई खर्च वृद्धि हुने देखिन्छ।

ङ. प्रदेश सरकार अन्तर्गत प्रदेश लोक सेवा आयोग, प्रदेश नीति तथा योजना आयोग लगायतका विभिन्न नयाँ निकाय र कार्यालयको स्थापना तथा विस्तार भएकोले आगामी दिनमा बजेट तथा कार्यक्रम कार्यान्वयनमा थप तीव्रता आई बजेट खर्च उल्लेख्य रूपमा बढ्ने देखिन्छ।

## ८.२ स्रोत परिचालनको संशोधित अनुमान

चालु आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोत परिचालनको लागि कूल रू. ३० अर्ब ३३ करोड ९४ लाख ५५ हजार व्यवस्था गरिएको छ। समग्र स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्व संकलन रू. १ अर्ब ८ करोड ३० लाख २१ हजार, नेपाल सरकारबाट प्राप्त हुने अनुदान रू. १४ अर्ब ६० करोड ४८ लाख १० हजार, बाँडफाँट भई प्राप्त हुने राजस्व (मुल्य अभिवृद्धि कर र अन्तशुल्क) वापत रू. ७ अर्ब ९२ करोड ९१ लाख, रोयल्टी रू. ३ करोड ९४ लाख ६३ हजार र नगद मौज्दात रू. ६ अर्ब ६८ करोड ३० लाख ६१ हजार वार्षिक लक्ष्य राखिएको छ।

गत आर्थिक वर्ष २०७७/७८ मा रू. ६ अर्ब ६८ करोड ३० लाख ६१ हजार बचत हुने अनुमान गरिएकोमा प्रदेश लेखा नियन्त्रकको कार्यालयको संचित कोषको विवरण अनुसार रू. ५ अर्ब ५८ करोड ११ लाख ३५ हजार (अर्थात् लक्ष्यको तुलनामा १४.९९ प्रतिशत घटी) कायम हुन आएको छ। यसरी समग्रमा चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिमा प्राप्त भएको प्रगति समेतको आधारमा चालु आर्थिक वर्षमा सुरु वार्षिक लक्ष्यको ९६.७५ प्रतिशत प्रगति हाँसिल हुने संशोधित अनुमान गरिएको छ।

स्रोतगत रूपमा वार्षिक लक्ष्य, पहिलो अर्धवार्षिक अवधिको प्रगति र संशोधित अनुमानको विवरण निम्नानुसार तालिकामा देखाइएको छ।

(रू. हजारमा)

| क्र.सं. | स्रोत विवरण | वार्षिक लक्ष्य | पहिलो अर्धवार्षिक | | संशोधित अनुमान | |
|---|---|---|---|---|---|---|
| | | | प्राप्ति रकम | प्राप्ति प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रदेश सरकारको आन्तरिक राजस्व | १०८३०२१ | ७१२९३८ | ६५.८३ | १०८३०२१ | १०० |
| २ | वित्तीय समानीकरण अनुदान | ८५४४००० | ४२७२००० | ५० | ८५४४००० | १०० |
| ३ | सशर्त अनुदान | ४२१७९१० | १९९५०७४ | ४७.३ | ४२१७९१० | १०० |
| ४ | विशेष अनुदान | ६१३५०० | २०४३०० | ३३.३ | ६१३५०० | १०० |
| ५ | समपूरक अनुदान | १२२९४०० | ४०९७०० | ३३.३३ | १२२९४०० | १०० |
| ६ | बाँडफाँट भई प्राप्त हुने मुल्य अभिवृद्धि कर र अन्तशुल्क | ७९२९१०० | ३५७२१३४ | ४५.०५ | ७९२९१०० | १०० |
| ७ | रोयल्टी | ३९४६३ | ४०२२१ | १०१.९२ | ५५००० | १३९.३७ |
| ८ | नगद मौज्दात | ६६८३०६१ | ५६८११३५ | ८५.०१ | ५६८११३५ | ८५.०१ |
| **जम्मा** | | **३०३३९४५५** | **१६८८७५०२** | **५५.६६** | **२९३५३०६६** | **९६.७५** |

# परिच्छेद - ९
## समस्या, चुनौति र सुधारका प्रयास

चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनाको अवधिमा प्रदेश सरकारले बजेट तथा कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन गर्दा निम्न समस्या र चुनौती महशुस गरी सुधारका प्रयास गरेको छ।

### ९.१ बजेट कार्यान्वयन

क. समपूरक अनुदान र विशेष अनुदानमा नेपाल सरकारवाट प्राप्त आयोजना/कार्यक्रमको भौतिक एवं वित्तीय प्रगति न्यून रहेको देखिएको हुँदा सम्बन्धित निकायसँग समन्वय गरी समयमै तदारुकताका साथ कार्य गरी उल्लेख्य प्रगति हासिल गर्नेतर्फ अग्रसर गराइएको छ।

ख. सशर्त अनुदानबाट सञ्चालित पूर्वाधार क्षेत्रका आयोजनाहरुमा एथेष्ट बजेट विनियोजन नहुनु र कार्यक्रम संशोधन तथा रकमान्तर गर्न पनि संघीय विषयगत मन्त्रालयमार्फत संघीय अर्थ मन्त्रालयमा पठाउनु पर्ने झन्झटिलो तथा लामो प्रक्रिया अवलम्बन गर्नुपर्ने कारणले अपेक्षित रुपमा सशर्त अनुदानतर्फको विनियोजित बजेट खर्च हुन सकेको छैन।

ग. बजेट निर्माणको क्रममा चौमासिक विभाजन र लक्ष्य निर्धारण यथार्थपरक नभएको कारण बजेट विनियोजनको लक्ष्य अनुसार खर्च हुन सकेको छैन। जसले गर्दा आर्थिक वर्षको सुरुबाट नै रकमान्तर तथा लक्ष्य संशोधन गर्नु परेकोले बजेट निर्माणको क्रममा नै चौमासिक विभाजन र यथार्थपरक लक्ष्य निर्धारणमा ध्यान दिनुपर्ने देखिन्छ।

घ. विषयगत मन्त्रालयबाट मातहत कार्यालय र स्थानीय तहमा बाँडफाँट गर्नुपर्ने बजेट तथा कार्यक्रमहरू समयमै बाँडफाँट गरी हस्तान्तरण वा अख्तियारी दिन ढिलाई भएको कारण बजेट खर्चमा न्यूनता देखिएको छ । आगामी दिनमा बजेट निर्माणकै क्रममा त्यस्ता कार्यक्रमहरू सम्बन्धित निकायमा नै प्रविष्टि गर्ने व्यवस्था हुन उपयुक्त देखिन्छ।

ङ. कोभिड-१९ को जोखिम चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्म पनि कायमै रहेकाले आयोजना/कार्यक्रम कार्यान्वयन गर्न, कर्मचारी व्यवस्थापन गर्न, निर्माण सामाग्री एवं कामदार आपूर्ति गर्न कठिनाई परेको छ। क्रमशः कोभिड-१९ को जोखिम न्यून हुँदै जाने र खोपको उपलब्धताले आगामी दिनमा भने उल्लेखित कार्यहरूमा सहजता आउने अनुमान गरिएको छ।

च. प्रदेश मन्त्रलयगत बजेट सूचना प्रणाली (PLMBIS), एकल खाता कोष प्रणाली (TSA) र कम्पुटरकृत सरकारी लेखा प्रणाली (CGAS) को वीचमा REAL TIME UPDATE नहुँदा खर्च लेख्न कठिनाई परेको तथा प्रदेश सरकारको आवश्यकता अनुसारका प्रतिवेदनहरू प्राप्त नहुने भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयसँग समन्वय गरी उल्लेखित प्रतिवेदनहरू निर्माण गर्नको लागि सुझाव गरिएको छ।

## परिच्छेद - १०

## भावी कार्ययोजना

चालु आर्थिक वर्षको पहिलो ६ महिनाको अवधिसम्म कोभिड- १९ को प्रभाव यथावत रहेकोले सुदूरपश्चिम प्रदेश सरकारको खर्च १३.४२ प्रतिशत मात्र रहेको छ। चालु आर्थिक वर्षको वाँकी अवधिमा कोभिड- १९ को प्रभाव क्रमश कम हुँदै जाने र खोपको उपलब्धताले आगामी दिनमा आयोजना तथा कार्यक्रम कार्यान्वयनमा तीव्रता हुँदै जाने देखिएकोले खर्च प्रतिशतमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको छ। नेपाल सरकारवाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने बजेटको तेस्रो किस्तासमेत प्राप्त भएको, प्रदेशको आन्तरिक राजस्व संकलनसमेत सन्तोषजनक रहेकोले लक्ष्य अनुरुप आन्तरिक स्रोत परिचालन हुने देखिएको छ।

- बजेट तथा कार्यक्रम कार्यान्वयनलाई थप शीघ्रता प्रदान गर्न विषयगत मन्त्रालय र निकायसँग छलफल गरी आवश्यक सहजीकरण गर्ने,
- बहुवर्षीय आयोजनाको लागि बजेट सुनिश्चितता गरेको रकम समयमै उपलब्ध गराउने,
- सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ बमोजिम हुने गरी प्रदेश आर्थिक कार्यविधि नियमावलीलाई संशोधन गरी कार्यान्वयनमा ल्याउने,
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि र सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- संघीय सरकारबाट प्रदेशलाई हस्तान्तरण भएका पूँजीगत प्रकृतिका आयोजना तथा कार्यक्रमहरुमा समयमै सम्पन्न हुने गरी बजेट विनियोजनका लागि संघ सरकारसँग अनुरोध गर्ने,
- बजेट कार्यान्वयन सम्वन्धी नियमित र आवधिक रुपमा अनुगमन मूल्याङ्कन गर्ने भावी कार्ययोजना रहेको छ।

अनुसूची -१

## चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा स्वीकृति प्रदान गरिएका बहुवर्षीय योजनाहरूको बिस्तृत विवरण

(रु लाखमा)

| सि.नं. | योजनाको नाम | लागत अनुमान | आ.व.२०७८/७९ मा विनियोजित रकम | आगामी २ वर्षमा विनियोजन हुनुपर्ने बजेट रकम | | जम्मा त्रिवर्षीय रकम |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०७८/७९-२०८०/८१ |
| **भौतिक पूर्वाधार विकास मन्त्रालय** | | | | | | |
| १ | खलंगा-खार-देथाला-पारिबगर खण्डेश्वरी सडक (खलंगा-नौगाड खण्ड) म.न.पा. र नौगाड गा.पा., दार्चुला | ४५००.० | ६५०.० | २११७.५ | १७३२.५ | ४५००.० |
| २ | सतबाज-श्रीभावर- हाट -दार्चुला सडक ( श्रीभावर-हाट खण्ड ) सुर्नयाँ गा.पा., पुर्चुडी न. पा. र डीलासैनी गा.पा., बैतडी | २५००.० | ६००.० | १०४५.० | ८५५.० | २५००.० |
| ३ | ऐरीछाना-रिठाचौपाता-धनथला सडक मालीकाअर्जुन र लेकम गा.पा., दार्चुला | १२००.० | १२०.० | ५९४.० | ४८६.० | १२००.० |
| ४ | खोचलेक-सित्तड-रिम -डिलासैनी सडक दोगडा केदार गा.पा. र डिलाशैनी गा.पा. | १०००.० | १००.० | ४९५.० | ४०५.० | १०००.० |
| ५ | पातीहालना तलकोट साइपाल हुम्ला सडक ( पातिहाल्ना खोली झनाना जडार खण्ड) थलारा/ जयपृथ्वी पालिका | १५००.० | २७५.० | ६७३.८ | ५५१.३ | १५००.० |
| ६ | बित्थड बिजगडा रनलेक भामचौर चुवाबन बिनायक सडक ( बित्थड सुईलेक पातल बाजर बिजगडा खण्ड ) बित्थडचिर/बुंगल पालिका | १४००.० | ११०.० | ७०९.५ | ५८०.५ | १४००.० |
| ७ | रिठापाटा भ्यानढुङ्गा सिरुपाटा सुर्मा सडक जयपृथ्वी र सुर्मा पालिका | ११००.० | १००.० | ५५०.० | ४५०.० | ११००.० |
| ८ | काटेंपारा गोताल्ना जयपृथ्वी सडक खण्ड जयपृथ्वी र सुर्मा पालिका | ५००.० | ५०.० | २४७.५ | २०२.५ | ५००.० |

| सि.नं. | योजनाको नाम | लागत अनुमान | आ.व.२०७८/७९ मा विनियोजित रकम | आगामी २ वर्षमा विनियोजन हुनुपर्ने बजेट रकम | | जम्मा त्रिवर्षीय रकम |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०७८/७९-२०८०/८१ |
| ९ | खप्तड बाहिरी चक्रपथ खप्तड छान्ना गा.पा. | ५००.० | ५०.० | २४७.५ | २०२.५ | ५००.० |
| १० | तलकोट लोखण्ड सडक तल्कोट पालिका | ४००.० | ४०.० | १९८.० | १६२.० | ४००.० |
| ११ | बामेलीगाड सडक पुल खप्तड छान्ना गा.पा. | ५५०.० | ५५.० | २७२.३ | २२२.८ | ५५०.० |
| १२ | सहजपुर-बोक्टान दिपायल (वायल-गगुडा-टडागाड खण्ड) सडक के.आइ. सिँह गा.पा. र बोगटान फुडसिल गा.पा. डोटी | ३०००.० | ७५०.० | १२३७.५ | १०१२.५ | ३०००.० |
| १३ | दैजि लिप्ना जोगबुडा चिरकिट्टे घटाल पोखरा ढुगाड सडक (पोखरा–वेलापुर खण्ड ) नवदुर्गा गा. पा. डडेल्धुरा | १५००.० | ७००.० | ४४०.० | ३६०.० | १५००.० |
| १४ | जोरायल खोला सडक पुल जोरायल गाउँपालिका, डोटी | ६००.० | ७०.० | २९१.५ | २३८.५ | ६००.० |
| १५ | टुडागाड सडक पुल जोरायल गाउँपालिका, डोटी | ६००.० | ७०.० | २९१.५ | २३८.५ | ६००.० |
| १६ | नारीदाङ् सडकपुल दि.सि.न.पा. र के आई सिं गाउँपालिका, डोटी | २५००.० | २२०.० | १२५४.० | १०२६.० | २५००.० |
| १७ | राजपुर –फलेडी –धिर्कामाण्डौ सडक के.आइ. सिँह गा.पा. र बोगटान फुडसिल गा.पा. डोटी | १०००.० | ३२३.० | ३७२.४ | ३०४.७ | १०००.० |
| १८ | भजनी-५ पृथ्वीपुर-भजनी बजार-सुख्खड सडक (चेनेज 26+000 देखि 12+000) घोडाघोडी र भजनी न.पा. कैलाली | ३२००.० | ४००.० | १५४०.० | १२६०.० | ३२००.० |
| १९ | कृष्णपूर मन्दिर देखि गोदावरी १२, बान्द्रेखाल सडक ८ कि.मि. गोदावरी न.पा. कैलाली | ९००.० | १९०.० | ३९०.५ | ३१९.५ | ९००.० |
| २० | शितलपुर-सिमली सडक कालोपत्रे ८ कि.मि. घोडाघोडी न. पा. र मोहन्याल गा.पा. कैलाली | १०००.० | ९०.० | ५००.५ | ४०९.५ | १०००.० |
| २१ | खनैयाताल सडक निर्माण २०.कि. मि. मोहन्याल गा.पा. कैलाली | १६००.० | २००.० | ७७०.० | ६३०.० | १६००.० |
| २२ | भुयारा बडेहा सडक ८ कि.मि. गोदावोरी न.पा. कैलाली | ७००.० | ९०.० | ३३५.५ | २७४.५ | ७००.० |
| २३ | साँढेपानी उत्तर सडक ५ कि.मि. घोडाघोडी न.पा. कैलाली | ८००.० | ८०.० | ३९६.० | ३२४.० | ८००.० |
| २४ | रानीकुण्डा रिंग रोड १० कि.मि. बर्दगोरिया गा.पा. कैलाली | १०००.० | ८५.० | ५०३.३ | ४११.८ | १०००.० |
| २५ | भुरुवादेखि पहलमानपुर सडक १० कि.मि. भजनी र घोडाघोडी न.पा. कैलाली | ९००.० | ८०.० | ४५१.० | ३६९.० | ९००.० |

| सि.नं. | योजनाको नाम | लागत अनुमान | आ.व.२०७८/७९ मा विनियोजित रकम | आगामी २ वर्षमा विनियोजन हुनुपर्ने बजेट रकम | | जम्मा त्रिवर्षीय रकम |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०७८/७९-२०८०/८१ |
| २६ | सुपारी आम देखि भादा जोड्ने गौरीगंगा नदीमा सडकपुल (१२० मि. स्पान) गौरिगंगा न.पा. र धनगढी उ.न.पा. कैलाली | १९००.० | १३०.० | ९७३.५ | ७९६.५ | १९००.० |
| २७ | भैसासुर कटानी नदीमा पुल गौरिगंगा-१०, कैलाली | १७००.० | १५०.० | ८५२.५ | ६९७.५ | १७००.० |
| २८ | शिवपुर पुल (कान्तिपुर परेन्नी) नदी गौरिगंगा-११, कैलाली | १०००.० | १००.० | ४९५.० | ४०५.० | १०००.० |
| २९ | सरया नारायणपुर जोड्ने सडक पुल घोडाघोडी न.पा. कैलाली | ७००.० | ७०.० | ३४६.५ | २८३.५ | ७००.० |
| ३० | बौराहा खोलामा सडक पुल , तारानगर घोडाघोडी न.पा. कैलाली | ७००.० | ७०.० | ३४६.५ | २८३.५ | ७००.० |
| ३१ | बौराहा नदीमा पक्कि पुल घोडाघोडी न.पा. २,६ कैलाली | १०००.० | ११०.० | ४८९.५ | ४००.५ | १०००.० |
| ३२ | घैलानाला पक्कि पुल निर्माण जोशीपुर गा.पा. ७, कैलाली | ३००.० | ३०.० | १४८.५ | १२१.५ | ३००.० |
| ३३ | चिसापनी सोल्टा सडकमा पर्ने सागुरे खोला सडक पुल मोहन्याल गा.पा. कैलाली | ७००.० | ७०.० | ३४६.५ | २८३.५ | ७००.० |
| ३४ | भस्नानाला सडक पुल गौरिगंगा -८, कैलाली | ५००.० | ५०.० | २४७.५ | २०२.५ | ५००.० |
| ३५ | गुडधोवी खोलामा पक्कि पूल निर्माण गोदावरी न.पा. कैलाली | ४००.० | ४५.० | १९५.३ | १५९.८ | ४००.० |
| ३६ | राजिपूर बलुवावाडा खनिया ताल सडक गौरिगंगा ण.पा., चुरे र मोहन्याल गा.पा. कैलाली | ८००.० | १००.० | ३८५.० | ३१५.० | ८००.० |
| ३७ | कम्पनि डाडा देखि ए , बि, गाउ सडक धनगढी – १२ , कैलाली | ५००.० | ४५.० | २५०.३ | २०४.८ | ५००.० |
| ३८ | लोकतान्त्रिक मार्ग कम्पनी डाँडादेखि दोदापुलसम्म सडक पुनर्वास नगरपालिका, ५, ७ र १० कञ्चनपुर | १६५०.० | १२०.० | ८४१.५ | ६८८.५ | १६५०.० |
| ३९ | सिम्री दशरथबस्ती अमरैया गणेशबस्ती ढक्का बेलौरी पुनर्वास नगरपालिका ०१ र ०२, कञ्चनपुर | १०००.० | १००.० | ४९५.० | ४०५.० | १०००.० |
| ४० | निर्मल आर्यघाट देखि दयाराम चोक जाने बाटो बेलौरी न.पा., १० कञ्चनपुर | ६००.० | ७०.० | २९१.५ | २३८.५ | ६००.० |
| ४१ | भानुचौक देखि विष्णु मन्दिरमा जाने बाटोमा नहर माथि पुल भि.न.पा. ०६ | ३६४.४ | ४०.० | १७८.४ | १४६.० | ३६४.४ |

| सि.नं. | योजनाको नाम | लागत अनुमान | आ.व.२०७८/७९ मा विनियोजित रकम | आगामी २ वर्षमा विनियोजन हुनुपर्ने बजेट रकम | | जम्मा त्रिवर्षीय रकम |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०७८/७९-२०८०/८१ |
| ४२ | कन्कट्टी खोला सडक पुल बेदकोट र भिमदत्त नगरपालिका | ५७४.४ | ७५.० | २७४.६ | २२४.७ | ५७४.४ |
| ४३ | लमैया नाला पुल पुनर्वास नगरपालिका १० | ५२९.२ | ६०.० | २५८.१ | २११.१ | ५२९.२ |
| ४४ | जेसिस मावि नजिक सडक पुल भिनपा ०१ | ७०६.७ | ८०.० | ३४४.७ | २८२.० | ७०६.७ |
| ४५ | कोटीहोम, घ गाउँ, न गाउँ, बीचफाँटा पक्की सडक निर्माण | २८००.० | २००.० | १४३०.० | ११७०.० | २८००.० |
| ४६ | वाणी देखतभुली पर्सिया कञ्च नौरंगा विकासबस्ती सडक लालझाडी गा.पा.-०१, ०२, ०३ र पुनर्वास न.पा.-१० | १५००.० | १४०.० | ७४८.० | ६१२.० | १५००.० |
| ४७ | रिछाहा गाउँ जोगी लुहारको पसलदेखि बेलौरी गोकुलपुर बजार कोटीहोम गिरिचोक हुँदै ईण्डिया बोर्डरसम्म सडक बेलौरी न.पा.-०४, ०२ र ०१ तथा पुनर्वास न.पा.-०४, ०६, ०७, ०८, ०९ | १२००.० | ११०.० | ५९९.५ | ४९०.५ | १२००.० |
| ४८ | जोगबुढा नदी सडक पुल दोधारा चाँदनी न.पा. ८ | १५४०.० | १६०.० | ७५९.० | ६२१.० | १५४०.० |
| ४९ | चौधर नदी पक्की पुल निर्माण बेलडाडी गा.पा.-०५ | १५७०.४ | १५०.० | ७८१.२ | ६३९.२ | १५७०.४ |
| ५० | कमरी किचैया नालामा पक्की पुल बेलडाडी गा.पा.-०३, बेलौरी न.पा.-९ | ६५९.५ | ६०.० | ३२९.७ | २६९.८ | ६५९.५ |
| ५१ | भी.न.पा-१ बारकुन्डा भी.न.पा.-३ तिलकपुर जोड्ने खनियाखोला सडकपुल भिमदत्त न.पा.-०१ र ०३ | १२९७.४ | १४०.० | ६३६.५ | ५२०.८ | १२९७.४ |
| ५२ | मझगाइ बाट गेटा जाने मोहना नदीमा पुल कृष्णपुर न.पा.-०८ | १३४१.० | १५०.० | ६५५.० | ५३५.९ | १३४१.० |
| ५३ | टोटीनाला सडक पुल शुक्लाफाँटा न.पा.-७ | ५८२.८ | ६०.० | २८७.५ | २३५.३ | ५८२.८ |
| ५४ | दैजी रानागाँउ-नयाँगाउँ सडक बेदकोट नपा-१० | ६००.० | ५०.० | ३०२.५ | २४७.५ | ६००.० |
| ५५ | पथरिया नाला पुल बेलौरी न.पा.-०९ | ८२१.८ | ९०.० | ४०२.५ | ३२९.३ | ८२१.८ |
| ५६ | बेलौरी भित्री चक्रपथ सडक बेलौरी न.पा. बेलौरी न.पा. | ६००.० | ५०.० | ३०२.० | २४८.० | ६००.० |
| ५७ | चिसापानी-जंगलघाट- ऋषिदह-बडीमालिका सडक (गैरीटाँड-कालागाऊ-दर्ना खण्ड) कमलबजार- न.पा-मंगलसेन न.पा, अछाम | २०००.० | ३५०.० | ९०७.५ | ७४२.५ | २०००.० |
| ५८ | साँफे नन्देगडा मेल्लेख सोड्सा ऋषिदह सडक साफेबगर न.पा –मेल्लेख गा.पा , अछाम | १५००.० | १०६.० | ७६६.७ | ६२७.३ | १५००.० |

| सि.नं. | योजनाको नाम | लागत अनुमान | आ.व.२०७८/७९ मा विनियोजित रकम | आगामी २ वर्षमा विनियोजन हुनुपर्ने बजेट रकम | | जम्मा त्रिवर्षीय रकम |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०७८/७९-२०८०/८१ |
| ५९ | मंगलसेन जुपु लुगाडा रामसोशन सडक मंगलसेन न.पा, अछाम | १५००.० | १०५.० | ७६७.३ | ६२७.८ | १५००.० |
| ६० | चौखुट्टे चौरपाटि सडक चौरपाटी गा.पा | १५००.० | १०५.० | ७६७.३ | ६२७.८ | १५००.० |
| ६१ | विनायक-लयाँटी-पुल्लेतोला- रामारोशन (विनायक-लयाँटी- पुल्लेतोला खण्ड) प.बि.न.पा , अछाम | २०००.० | १६६.० | १००८.७ | ८२५.३ | २०००.० |
| ६२ | साँफे बुढाकोट सडक साफेबगर न.पा., अछाम | १७००.० | १५०.० | ८५२.५ | ६९७.५ | १७००.० |
| ६३ | मालागाड सडकपुल त्रिवेणी न. पा. | ११४३.० | २२०.० | ५०७.७ | ४१५.४ | ११४३.० |
| ६४ | भौनेरा सडकपुल बडिमालिका न पा | १२२९.० | २२०.० | ५५५.० | ४५४.१ | १२२९.० |
| ६५ | बल्देखोला सडकपुल रामारोसन गा. पा., अछाम | ५२९.० | ६०.० | २५८.० | २११.१ | ५२९.० |
| ६६ | कर्णाली नदि कान्तिमा ट्रसबृज निर्माण सडक पुल) स्वामिकार्तिक खापर गा.पा. बाजुरा | १७००.५ | ५००.० | ८००.० | ४००.५ | १७००.५ |
| | **जम्मा** | **७९३८८.९** | **१०३५५.०** | **३८१०७.९** | **३०९२६.०** | **७९३८८.९** |
| **सामाजिक विकास मन्त्रालय** | | | | | | |
| १ | कैलाली बहुमुखी क्याम्पस भवन निर्माण | १४२८.० | ५९३.० | ५९३.० | २४२.० | १४२८.० |
| २ | डोटी बहुमुखी क्याम्पस भवन निर्माण | १३६१.० | ५६४.० | ५६४.० | २३३.० | १३६१.० |
| ३ | अमरगढी बहुप्राविधिक शिक्षालय भवन निर्माण | ११३८.० | ४७२.० | ४७२.० | १९४.० | ११३८.० |
| ४ | बेदकोट अस्पताल भवन निर्माण | ३८७०.० | ५३५.० | २०००.० | १३३५.० | ३८७०.० |
| ५ | लम्कीचुहा अस्पताल भवन निर्माण | ३१८९.० | ८८२.० | १५००.० | ८०७.० | ३१८९.० |
| | **जम्मा** | **१०९८६.०** | **३०४६.०** | **५१२९.०** | **२८११.०** | **१०९८६.०** |